# परिच्छेद एक

# परिचय

## १.१.अध्ययनको पृष्ठभूमि

मानिसको इतिहास, सभ्यता र विकासको थालनीसँगै मानिसले धेरै कुरा सिक्दै आए । नयाँ नयाँ सीप र प्रविधि विकास र आविष्कार हुनु मानव जातिको अथक प्रयत्न र प्रयासको परिणाम हो । मानिस जीवनभर नयाँ नयाँ कुराको अन्वेषण र नयाँ उपकरणको निर्माण र खोजतलास गरी नयाँ सीप तर्फ उत्सुक हुने हुँदा नै नयाँ आविष्कार र नयाँ उपलब्धीहरू प्राप्त गर्न सकिएको हो । वास्तवमा मानव साधनको विकास शिक्षाबात मात्र सम्भव छ भन्ने कुरालाई मानव सभ्यताको इतिहासमा प्रष्ट्याएको छ । यसरी नयाँ सभ्यताको निर्माणका साथै अन्वेषणशिल र रचनात्मक तुल्याउने मूलभूत तत्व नै शिक्षा भएकाले राष्ट्रले शिक्षामा सर्वाधिक लगानी गरेर सन्तोषजनक उपलब्धी प्राप्त गर्न खोजेको हुन्छ । प्राचिनकालमा हाम्रो देशमा पारिवारिक अनुशासन परम्परा, चालचलन, पुर्ख्यौली पेशा आदिलाई नयाँ सन्ततीमा हस्तान्तरण गर्न देवकुल, ऋषिकुल, गुरुकुल शिक्षा पद्धति थियो जसको व्यवस्थापन अनौपचारिक तरिकाबाट हुन्थ्यो । समयको गतिसँगै मानिसका इच्छा आकांक्षा वा चाहना आवश्यकताहरू तिव्र रुपमा बढ्दै गए विकासको गति पनि तीव्र रुपमा हुँदै गयो । परम्परागत शैलीमा दिइने शिक्षाले मानवीय आवश्यकतालाई पुरा गर्न सकेन फलस्वरुप परिवार, समाज र राष्ट्रको आवश्यकता अनुसार शिक्षा दिन शिक्षाको औपचारिक तरिका विकसित भयो । विद्यालयबाट औपाचारिक शिक्षा थालियो । हाम्रो देशको विभिन्न समयको शिक्षालाई अध्ययन विश्लेषण गर्ने हो भने विभिन्न रुप, आकार, नाम फेरिदै आजको अवस्थामा आइपुगेको छ । ( अर्याल, निरौला, कोइराला, २०६४)

हाम्रो देशमा प्रजातन्त्रको अभ्युदय पछि शिक्षा नीतिमा निकै सुधार र परिवर्तन आएका छन् । वि.सं.२०११ मा नेपालमा राष्ट्रिय शिक्षा योजना आयोग, वि.सं.२०१८ मा परम्परागत शिक्षा पद्धतिमा सुधार ल्याउन शिक्षाविदहरू एवम् अन्य विशेषज्ञहरूले नेपाल सरकारलाई दिएको सुझाव र वि.सं.२०२५ मा राष्टिय शिक्षा सल्लाहकार समितिको गठन आदिबाट पनि शिक्षा पद्धतिमा सुधार ल्याउन जर्मर्को गर्न खोजेको देखा पर्दछ भने २०२८ सालको राष्ट्रिय

शिक्षा योजनाको पद्धतिले शिक्षाको संरचना लगायत सम्पूर्ण शिक्षाको परिपाटीमा परिवर्तन ल्यायो । २०३९ सालमा शाही शिक्षा आयोगको प्रतिवेदन, मुलुकमा २०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि २०४७ सालमा राष्ट्रिय शिक्षा आयोग (२०५५) सालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरी सुझाव लिने र तिनको प्रतिवेदन तथा सिफारिसका आधारमा नयाँ नीति तथा रणनीतिहरू बन्दै र कार्यान्वयन हुँदै आएका छन् ।आज हाम्रो समाजमा रहेको जनशक्तिलाई अनुशासित, मर्यादित र सुव्यवस्थित ढंगले सञ्चालन गर्न सक्ने दायित्व वहन गर्न सक्ने शिक्षाको खाँचो छ । विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सर्वसुलभ बनाउनु पर्दछ भन्ने मान्यता विकास भइरहेको छ । २१ औं शताब्दीमा सबैका लागि शिक्षा भन्ने नारालाई विश्वव्यापी रुपमा उठाइएको छ । यस कुरालाई हामीले पनि आत्मसात गर्नु परेको छ । (पौडेल, २०६०)

हाम्रो देशमा विद्यालय सञ्चालनमा सरकारी नीति अझै प्रभावकारी बन्न सकिरहेको छैन । ढिलै भएपनि देशमा योजनावद्ध विकासको अवधारणा आएको छ र शिक्षाको विकासमा पनि यो पसी सकेको छ ।

नेपालमा नेपाल सरकारले शिक्षाको विकासमा जोड दिएको छ । राष्ट्रिय बजेटको झण्डै १७% लगानी शिक्षामा गरीरहेको परिप्रेक्ष्यमा प्राथमिक शिक्षालाई अझ विशेष जोड दिएको छ । ग्रामीण विकासको लागि शिक्षा परियोजना र वि.सं.२०४२ सालदेखि प्राथमिक शिक्षा परियोजना सफलता पूर्वक संचालन भएको अनुभवको आधारमा वि.सं. २०४९ देखि आ.प्रा.शि.प I र आ.व.२०४९/०५० प्रथम पटक १९ जिल्लामा शुरु गरी क्रमशः थप गर्दै आ.व.०५२/५३ मा जम्मा ४० जिल्लामा लागु गरियो । आ.व.२०५६/५७ देखि कार्यक्रमको रुपमा आ.प्रा.शि.का II (२०५६-२०६१) संचालनमा आयो भने आ.व. २०५८/०५९ देखि ७५ जिल्लामा यो कार्यक्रम संचालन भयो । देशका ७५ वटा जिल्लामा जि.शि.का. ले (२०५६-२०६१) ५ वर्षे जिल्ला शिक्षा योजना  तयार गरी कार्यान्वयनमा ल्याए । (विद्यालय निर्माण सहयोगी पुस्तिका २०६९ )

आ.प्रा.शि.का.दोस्रो ले लिएका उद्देश्यहरू मध्ये संख्यागत क्षमता विकास पनि एक हो । उक्त उद्देश्य अन्तर्गत स्थानीय क्षमता अभिवृद्धि पनि पर्दछ । स्थानीय क्षमता वृद्धि अन्तर्गत तालिम कार्यक्रम र विद्यालय सुधार योजना  निर्माण पर्दछ ।

अभिभावक र अन्य सरोकारवालाको प्रत्यक्ष संलग्नतामा शैक्षिक तथा भौतिक सुधारका क्रियाकलापहरू समावेश गरी विद्यालय सुधार योजना निर्माण गर्ने कार्यक्रम राखिएको थियो । यो विकेन्द्रीकरणको सिद्धान्तमा आधारित कार्यक्रम हो । विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन बटम अप प्लानीङ पनि हो । विद्यालयमा व्यवस्थापन सुधारका लागि विद्यालय सुधार योजनाले अहं भूमिका खेल्न सक्छ भन्ने उद्देश्यका साथ हाल यसलाई व्यापकता दिइएको छ । विद्यालय स्तरमा संचालन हुने विभिन्न योजना तथा कार्यक्रम एवं क्रियाकलापहरूको अन्तिम उद्देश्य भनेको विद्यार्थीहरूको उच्चतम सिकाइ उपलब्धी हासिल गर्नु हो जसको प्राप्तिले राष्ट्रले चाहेको मानव संसाधनको विकास हुन गई समग्र राष्ट्रको विकासमा योगदान पुग्न सक्छ । विद्यालय सुधार योजना भनेको विद्यालयले आफ्ना आवश्यकतालाई समावेश गरी आफ्नो योजना आफै निर्माण गरी कार्यान्वयन गर्ने कार्यक्रम हो । यो बटम अप एप्रोचको सिद्धान्तमा आधारित छ । (विद्यालय निर्माण सहयोगी पुस्तिका २०६९)

### १.१.१ विद्यालय सुधार योजनाको परिचयः

विद्यालयको आफ्नो आवश्यक्ता बमोजिम विद्यालय सञ्चालनका सरोकारवालाहरु स्वयंले उनीहरुकै सहभागितामा निर्माण आफैले कार्यान्वयन गर्नेगरी निर्माण गरिएको योजना विद्यालय सुधार योजना हो । यो विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ । विद्यालयमा विकेनन्द्रित ढाँचामा योजनाबद्ध सुधार अभ्यासलाई कार्यरुप दिन विगत २०५८/०५९ सालदेखी सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण गरी कायार्नन्वयनमा ल्याउने अभ्यास थालिएको हो ।

विद्यालयमा विकेन्द्रित ढाँचामा योजनाबद्ध सुधार अभ्यासलाई कार्यरुप दिन तथा विद्यालय स्तरका समस्या र योजनाहरु स्थानीय स्तरबाटै पहिचान गरी कार्यान्वयन गर्न विगत २०५८/०५९ सालदेखि सबै विद्यालयहरुमा विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइएको हो । आ.व. २०६२ देखि शिक्षा मन्त्रालयबाट विद्यालय शिक्षामा सबैका लागि शिक्षा कार्यक्रम र माध्यमिक शिक्षा सहयोग कार्यक्रमका कार्यक्रमहरु लागु गरीयो यसले पनि जिल्ला शिक्षा योजना, गाँउ शिक्षा योजना र विद्यालय सुधार योजनालाई शैक्षिक कार्यक्रमको अभिन्न अंग मानेर सबै सामुदायिक विद्यालयले अनिवार्य रुपमा विद्यालय सुधार योजना निर्माण र

कार्यान्वयन गर्नुपर्ने व्यवस्था लाई निरन्तरता दिइयो । जसको कारणबाट अधिकांस विद्यालयमा तयार गरियो । नेपाल सरकारबाट विद्यालय सुधार योजना निर्माणको लागि शुरुमा रुं.३०,०००। सम्म अनुदान दिइयो । नेपाल सरकारबाट २०५६ भाद्र ४ मा विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको लागि विद्यालय क्षेत्र सुधार कार्यक्रम (एस.एस.आर.पी) स्वीकृत गरेपछि विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६-२०७२ हाल सञ्चालनमा रहेको छ । यस कार्यक्रमले पनि सबैका लागि शिक्षा कार्यक्रमका कार्यक्रमहरुलाई नै निरन्तरता दिएको छ । यस कार्यक्रममा पनि विद्यालय तहमा विद्यालय सुधार योजना निर्माणलाई अनिवार्य मानी उक्त योजना अध्यावधिक गर्न प्रतिवर्ष रु एक हजार अनुदान र विद्यालय सुधार योजनामा उल्लेखित योजनाहरु सञ्चालन गर्न प्रति विद्यार्थी एकाइका आधारमा प्राथमिक देखि माध्यमिक तहसम्म गैर तलवीय अनदान ( नन स्यालरी पी.सी.एफ.)का नाममा वार्षिक एकमुष्ट अनुदान दिइदै आएको छ । (कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६९ )

वि.स. २०५६ मा शिक्षा विभागको स्थापना पश्चात विद्यालयीय शिक्षाको सञ्चालन र व्यवस्थापन शिक्षा विभागबाट हुदै आएको छ । विद्यालय तहको योजना निर्माण समुहले बुझ्न र प्रयोग गर्न सक्ने तथा योजना निर्माणको लागि मार्गदर्शनको रुपमा रहने गरी शिक्षा विभागद्धारा २०६४ सालमा “विद्यालय सुधार योजना सहयोगी पुस्तिका” जारी गरीयो भने २०६९ बैशाखमा परिमार्जन गरी “विद्यालय सुधार योजना निर्माण सहयोगी -पुस्तिका” जारी गरिएको छ । -विद्यालय सुधार योजना निर्माण सहयोगी-पुस्तिका २०६९ )

शैक्षिक व्यवस्थापनको साविक अभ्यासबाट अपेक्षित रूपमा शैक्षिक गुणस्तर कायम गर्न नसकिएको भन्ने निष्कर्षमा आधारित भई शैक्षिक सुधारको रणनीतिको रूपमा विकेन्द्रिकृत शैक्षिक योजना निर्माण प्रयास वर्तमानमा प्रारम्भ गरिएको छ । विकेन्द्रित शैक्षिक योजनाको अवधारणा मुताविक स्थानीय शैक्षिक योजनाको रूपमा हाल सालै प्रत्येक विद्यालयले विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको छ । विद्यालयको समग्र विकास गरी विद्यार्थीको उच्च सिकाइउपलब्धिस्तर सुनिश्चित गर्ने पक्षमा केन्द्रित रही विद्यालयका सम्पूर्ण सरोकारवाला पक्षहरू (अभिभावक, प्र.अ., शिक्षक, विद्यार्थी र समुदाय) को सहभागितामा विद्यालय मै निर्माण गरिने योजनालाई भनिन्छ ।

स्थानीय आवश्यकता, चाहाना र प्राथमिकता प्रतिनिधित्व गरी विद्यालय प्रभावकारिता सुनिश्चित गर्ने अभिप्रायबाट विद्यालय सुधार योजनाको  थालनी गरेको पाइन्छ । शिक्षा विभागबाट आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमदेखि विद्यालय सुधार योजनामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । जस अनुसार विद्यालय सुधार योजना निर्माण गरी सो बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयलाई प्राथमिक विद्यालयको हकमा ५-९ वर्ष समूहका विद्यार्थी सङ्ख्याका अनुपातमा प्रति विद्यार्थी निश्चित रकमले हुन आउने एकमुष्ट बजेट वार्षिक रूपमा विद्यालयलाई अनुदान स्वरूप प्रदान गरिन्छ । त्यस्तो बजेट विद्यार्थीको शैक्षिक उपलब्धिस्तर बढाउने एवम् शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सोझै सघाउ पुऱ्याउने कार्यक्रम जस्तैः शिक्षक तालिम, शैक्षिक सामग्री खरीद/निर्माण, शिक्षकको पेसागत बैठक/सेमिनार आदि सञ्चालन गर्न प्रयोग गर्न पाउने व्यवस्था छ । कार्यालय सञ्चालनको सन्दर्भमा योजना निर्माण गर्दा विभिन्न चरणहरू पूरा गर्नुपर्दछ । त्यसमध्ये मुख्यमुख्य यसप्रकार उल्लेख गर्न सकिन्छ ।

१. योजना निर्माणका मुख्य चरणहरु

क) वर्तमान अवस्थाको विश्लेषण

ख) भविष्यको कार्यदिशा निर्धारण

ग) योजना तयारी

२. विद्यालयस्तरको योजना निर्माणमा प्रभाव पार्ने तत्वहरू

साविकको अवस्थामा केन्द्रीकृत शैक्षिक योजना्को अभ्यास जारी रहेको भए तापनि शैक्षिक व्यवस्थापनमा विकेन्द्रीकरणको प्रयास थालनी भएको वर्तमान अवस्थामा स्थानीयस्तरमा योजना निर्माणको परिपाटी थालनी गरिदैछ ।

शैक्षिक योजना निर्माण प्रक्रियाको सन्दर्भमा स्थानीय योजना भन्नाले विद्यालयस्तरमा निर्माण हुने योजनालाई पनि बुझ्न सकिन्छ । यस्तो स्थानीय योजना निर्माण कार्यमा स्थानीय अभिभावक, विद्यार्थी, शिक्षक, समुदाय जसलाई विद्यालयका सरोकारवाला पक्षहरू पनि भनिन्छ, आदि संलग्न भई सामूहिक रूपमा योजना तयार गरी विद्यालयको समग्र विकासमा सामूहिक प्रयास थालनी गरिन्छ ।

यस्तो योजना स्वतन्त्र नभई विभिन्न तत्वहरूको अधिनमा रहनु पर्ने हुन्छ । ती तत्वहरू मध्ये सकिन्छ :-

क) समुदायको आवश्यकता र चाहना

ख) राष्ट्रको शैक्षिक नीति र प्राथमिकता

ग) शिक्षा व्यवस्थापन सम्बन्धी ऐन नियम

घ) विद्यालयको क्षमता

ङ) सुधारका लागि विद्यालयको तयारी

**विद्यालय सुधार योजना निर्माणका चरणहरु**

क) विद्यालय एवम् समुदायको विवरण

१. विद्यालयको अवस्थिति

२. विद्यालयको सेवाक्षेत्रको पहिचान

३. विद्यालय सेवा क्षेत्रको समुदायसँग सम्बन्धित विवरण

४. विद्यालयसँग सम्बन्धित विवरण

- विद्यालयको सङ्क्षिप्त इतिहास
- विद्यार्थीसम्बन्धी विवरण
- शिक्षकसम्बन्धी विवरण
- विद्यार्थी भर्ना
- कक्षा दोहोऱ्याउने, छोड्ने र उत्तीर्ण हुने दर
- विद्यार्थीको विषयगत तथा कक्षागत सिकाइ औसत उपलब्धि
- विद्यालयको भौतिक अवस्था
- विद्यालयको भवन, कक्षाकोठा तथा बाहिरी वातावरण,
- शैक्षिक सामग्रीको विवरण
- विद्यालयको आम्दानी र खर्च विवरण

ख) मुख्य मुद्दा/समस्याहरू

ग) आवश्यकताको पहिचान

घ) विद्यालयको स्पष्ट दृष्टिकोण

ङ) विद्यालयका उद्धेश्यहरु

च) लक्ष्य तथा सूचकको निर्धारण

छ) कार्यक्रम एवम् रणनीतिहरू

ज) स्रोतहरूको पहिचान र विश्लेषण

झ) अनुगमन योजना

शैक्षिक कार्यक्रम प्रभावकारी ढङ्गबाट योजनाबद्ध रुपमा सञ्चालन गर्नुपर्ने आवश्यक्ता महशुस भए अनसार राष्ट्रिय तहमा आधारभुत तथा प्राथमिक तहको गुरुयोजना १९९१,आधारभुत तथा प्राथमिक शिक्षा गुरुयोजना १९९२, सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००१-२०१५, शिक्षक शिक्षा आदि नामबाट योजनाबद्ध ढङ्गबाट अगाडी बढाउने प्रयास भइरहेको छ । तर पनि केन्द्रीय तहबाट बनेका योजनाहरुबाट स्थानीय आवश्यक्ता समेट्न नसकेको, स्रोतको समानुपातिक वितरण कायम गर्न नसकिएको, स्थानीय तहमा जिम्मेवारीबोधको विकास हुन नसकेको, सबै बर्ग, क्षेत्रलाई प्रतिनिधित्व गराउन नसकेकै कारणबाट शैक्षिक कार्यक्रमहरु प्रभावकारी हुन नसकी अपेक्षित परिणाम हासील हुन सकिरहेको छैन । यसै कुरालाई ध्यानमा राख्दै शैक्षिक योजनाको विकेन्द्रकरण गर्ने प्रयासस्वरुप विद्यालय सुधार योजना जस्तो सुक्ष्म योजनालाई प्राथमिकता दिइएको छ । ( अर्याल, निरौला र कोइराला २०६४)

## १.२. समस्याको कथन

कुनैपनि कार्यक्रमले जतिसुकै राम्रो सोच बोकेको होस्, जतिसुकै महत्वपूर्ण किन नहोस् यदि त्यसको कार्यान्वयन प्रभावकारी रुपमा संचालन हुन सकेन भने त्यो कार्यक्रम समय, श्रम र पूँजी नष्ट गर्ने मात्र साबित हुन जान्छ । यस परिप्रेक्ष्यमा विद्यालय सुधार योजनाको प्रभावकारिता अध्ययन गरी यसले विद्यालयको शैक्षिक उपलब्धी वृद्धि गर्न के कति सहयोग

पुऱ्याएको छ ? कार्यक्रम सञ्चालनमा के कस्ता समस्याहरू छन् ? पहिचान गरी आवश्यक सुधारहरू गर्ने उपाय पत्ता लगाउनु आवश्यक हुन्छ ।

- के सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको छ ?
- विद्यालय सुधार योजना निर्माणमा सरोकारवालाहरुको भुमिका कस्तो रह्यो ?
- विद्यालय सुधार योजना निर्माणमा देखिएका समस्या के कस्ता छन् समाधानको उपाय के हुन सक्छन् ?
- विद्यार्थीहरूको सिकाइ उपलब्धी न्यून हुनका कारणहरू के-के हुन सक्छन् ?
- विद्यार्थीहरुको सिकाइ उपलब्धि बृद्धि गर्न योजनामा के कस्ता विषयवस्तुहरु राख्नु पर्छ ?
- विद्यालय सुधार योजना कार्यान्वयनमा विद्यालयमा के कस्ता समस्याहरु छन ?

भन्ने जस्ता विषयमा विद्यालयका प्र.अ./शिक्षक र वि.व्य.स.अध्यक्ष/सदस्यहरूको प्रतिक्रियाहरू थाहा पाई कार्यक्रमको सञ्चालनमा देखा परेका प्रमुख समस्याहरू र तिनका समाधानका लागि उपायहरूको खोजी गर्नु नै प्रुमख आवश्यकता हो ।

## १.३.अध्ययनको औचित्य

जुनसुकै देशको शिक्षा प्रणालीमा प्राथमिक शिक्षाले ज्यादै महत्वपूर्ण स्थान ओगट्न सफल भएको पाइन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ । हाम्रो देशमा बजेटको लगभग १८ प्रतिशत बजेट शिक्षा क्षेत्रमा तथा कुल शिक्षा बजेटको लगभग ५५% भाग प्राथमिक तहको शिक्षामा लगानी गरिन्छ यसमा परिवार लगानी समेत जोड्ने हो भने अझ बढी हुन आउछ । प्राथमिक तह उच्च शिक्षाको आधारसिला भएकोले पनि नेपाल सरकारले विशेष ध्यान पुऱ्याएको छ । नि.मा.तह सम्म (हाल आधारभुत तह भनिएको छ) को शिक्षा पूर्णतया निःशुल्क गरिएको छ भने निःशुल्क पाठ्यपुस्तक समेत उपलब्ध गराउने र विभिन्न सबै प्रकारका छात्रवृत्ति, पौष्टिक आहार प्रोत्साहन आदिको व्यवस्था गरेर सबै बालबालिकाका लागि आधारभूत शिक्षाको पहुँच पुऱ्याउन खोजिएको छ । साथै विद्यालय सुधार योजना कार्यान्वयन गर्न प्रति विद्यार्थी एकाइका आधारमा गैर तलवीय अनुदान दिने व्यवस्था गरिएको छ । यो अध्ययन विद्यालय सुधार योजनाको निर्माण र विद्यार्थीहको शैक्षिक उपलब्धीसँग सम्बन्धित भएर गरिएको छ । परीक्षाबाट प्राप्त प्राप्तांकको विश्लेषणबाट विद्यार्थीहरुको सिकाई उपलब्धि हेरिएको छ ।

विद्यालयमा विभिन्न प्रकारका अनुदानहरु निकासा हुने, सबै शिक्षकहरु तालिम प्राप्त भइसकेको अवस्था, विद्यालय सुधार योजना सम्बन्धी तालिम प्रदान गरिसकिएको, शिक्षा विभागबाट निर्देशिका प्रकाशित भई सबै विद्यालयमा पुगेको बर्तमान अवस्थामा विद्यालयहरुले विद्यालय सुधार योजना कसरी निर्माण गरेका छन भन्ने जानकारी यस अध्ययनबाट हुनेछ । विद्यालयमा प्राप्त अनुदानको सदुपयोग कसरी भइरहेको छ भन्ने जानकारी समेत यो अध्ययनबाट हुनेछ । विद्यालय सुधार योजना निर्माण मात्रले भन्दा पनि यसको कार्यान्वयनको अवस्था र सिकाइ उपलब्धिमा यसको प्रभाव समेत अध्ययन हुने हुनाले यस अध्ययनबाट शिक्षा प्रशासन, जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुलाई समेत विद्यालयको अनुगमनमा सहयोग पुग्नेछ भन्ने अपेक्षा साथ यो अध्ययन गर्न लागिएको छ ।

## १.४. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन्

१. विद्यालय सुधार योजना निर्माण प्रक्रियाको विश्लेषण गर्नु ।
२. विद्यालय सुधार योजना र विद्यार्थी सिकाइ उपलब्धी बीचको सम्बन्धको विश्लेषण गर्नु ।
३. विद्यालय सुधार योजना कार्यान्वयनमा आइपरेका समस्याहरू पहिचान गरी निराकरणका उपायहरू पत्ता लगाउनु ।

## १.५. अध्ययनको परिसीमा

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक पाठ्यक्रम तथा मूल्याङन  विषयको आंशिक आवश्यकता पुरा गर्ने सिलसिलामा व्यक्तिगत प्रयासबाट छोटो समयमा मोरङ जिल्लाकाको राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको मात्र अध्ययन गरिने भएकोले नेपाल जस्तो आर्थिक, सामाजिक तथा भौगोलिक विविधता भएको देशमा यस अध्ययनबाट प्राप्त तथ्यहरू अन्य स्थानसंग मेल नखान सक्दछ । अनुसन्धानको क्षेत्रमा पहिलो जमर्को गर्न लागेको विद्यार्थीबाट हुने यस अध्ययनमा विभिन्न कमी कमजोरी रहने प्रसस्त संभावनालाई नकार्न सकिदैन । यो अध्ययन मुलरुपमा एक स्रोतकेन्द्र अन्तर्गतका छनौट गरिएका विद्यालयहरूको विद्यालय सुधार योजना र प्र.अ. शिक्षक तथा

वि.व्य.स.अध्यक्ष/सदस्यहरू र अभिभावकहरूले व्यक्त गर्ने प्रतिक्रिया र विद्यालयमा शिक्षकहरूले नियमित रुपमा संचालन गर्ने परीक्षाको नतिजाको मात्र आधार मानेर गरिने छ । विद्यालय सुधार योजना विशेषत सामुदायिक विद्यालयहरूले कार्यान्वयनमा ल्याएको हुनाले तीनैलाई लक्षित गरिने यो अध्ययनलाई सामुदायिक विद्यालयहरूमा मात्र सिमित गरिने छ । मोरङ जिल्लामा १६ वटा स्रोतकेन्द्रहरु ५६१ को संख्यामा सामुदायिक विद्यालयहरु रहेकोमा राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गत विराटनगर उपमहानगरपालिकाका १ देखि १० नं वडा सम्मका विद्यालयहरु , बैजनाथपुर र झोराहाट गा.वि.स.का विद्यालयहरु पर्ने भएकोले साधन स्रोत र समयलाई मध्यनजर राखी यो अध्ययन निम्न क्षेत्रमा सिमित रहेको छ ।

- यो अध्ययन मोरङ जिल्लामा सिमित रहनेछ ।
- यो अध्ययन मोरङ जिल्लाको राधाकृष्ण स्रोतकेन्द्र सिमित रहनेछ ।
- राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरुमध्ये विद्यालय सुधार योजना निर्माण भएका विराटनगर उपमहानगरपालिका भित्रका ३ वटा र नगरपालिका बाहिरका ३ वटा विद्यालयहरु छनौट गरी छनौट गरिएका विद्यालयहरुको मात्र मात्र अध्ययन गरिएको छ । जुन अध्ययनले अन्य सबै विद्यालयको समग्र स्थितिको विश्लेषणसँग मेल नखान सक्छ । यस अध्ययनले निकालेका निश्कर्षहरु अनुसन्धानको क्षेत्रमा मात्र सिमित रहन सक्छ अन्य अवस्था र विद्यालयहरुमा सामान्यीकरण नहुन सक्छ ।
- विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र यसले वालवालिकाहरुको सिकाईमा पारेको प्रभाव सम्वन्धी अध्ययनमा सिमित रहनेछ ।

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन

जुनसुकै अध्ययन अनुसन्धान गर्न पनि सम्बन्धित विषयका सामग्रीहरु तथा विषयवस्तु सँग सम्बन्धित विषयका सन्दर्भ सामग्रीहरुको अध्ययन जरुरी हुन्छ। यो अधधयन पुरा गर्न तल उल्लेख भए बमोजिमका पुर्व साहित्यहरुको अध्ययन गरी विश्लेषण गरिएको छ।

## २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन

नेपालमा आ.व. २०५८/०५९ देखि सबै सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अभ्यास गरिदै आएको छ । आ.प्रा.शि.का. दोस्रोले राखेका उद्धेश्यहरु पुरा गर्न, तथा सबैका लगि शिक्षा कार्यक्रम र माध्यमिक शिक्षा सहयोग कार्यक्रमबाट सञ्चालित कार्यक्रमहरु विद्यालय तहसम्म कार्यान्वयनमा ल्याउन विद्यालय सुधार योजना को निर्माण र कार्यान्वयनको अवस्था सिकाइ उपलब्धि विश्लेषण गर्न छनौट गरिएको ६ वटा विद्यालयहरुको विद्यालय सुधार योजनाहरु अध्ययन गरिएको छ । उक्त विद्यालयका वि.सु.यो. निर्माण प्रक्रिया, कार्यान्वयनको अवस्था समेत अध्ययन विश्लेषण गरिएको। सबैका लागि शिक्षा कार्यक्रम र माध्यमिक शिक्षा सहयोग कार्यक्रमका मुल दस्तावजेहरुमा विद्यालय सुधार योजनालाई विद्यालयको शैक्षिक अवस्था सुधारको महत्वपूण अङ्गको रुपमा स्वीकार गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६-२०७२ ले पनि विद्यालय सुधार योजनालाई विद्यालयको अनिवार्य तत्व मानी योजना कार्यान्वयन गर्न, सबै प्रकारका छात्रबृत्ति, निशुल्क पाठ्यपुस्तक अनुदान, Salary PCF तथा Non Salary PCF जस्तो शशर्त र निशर्त अनुदानको व्यवस्था गरेको छ । पेशल खनालद्धारा लिखित शैक्षिक अनुसन्धान पद्धती र खनाल एण्ड तिम्सिनाद्धारा लिखित गुणात्मक मूल्याङकन अनुसन्धान पुस्तकमा गुणत्मक मूल्याङ्कन विषयमा अध्ययन गर्नुपर्ने विषयवस्तुहरु र गुणत्मक मूल्याङ्कन विषयको रिपोर्ट सम्बन्धमा गाइड लाइनको कार्य गरेको छ । शिक्षा मन्त्रालय, शिक्षा विभागद्धारा प्रकाशित विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०६४ र २०६९ मा त योजना निर्माणको विस्तृत खाका, सुचकहरु, विद्यालयमा हुनैपर्ने तथ्याङ्क तथा सूचनाहरु, योजना निर्माणमा सरोकारवालाहरुको भुमिका उल्लेख गरिएको छ भने यो पुस्तिका योजना निर्माणको लागि मार्गनिर्देशकको रुपमा रहेको छ छ।

शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुरद्धारा प्रकाशित शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन स्रोत सामग्री, भाग १ ,२०६८, का अनुसार"शैक्षिक व्यवस्थापनको साविक अभ्यासबाट अपेक्षित रूपमा शैक्षिक गुणस्तर कायम गर्न नसकिएको भन्ने निष्कर्षमा आधारित भई शैक्षिक सुधारको रणनीतिको रूपमा विकेन्द्रिकृत शैक्षिक योजना निर्माण प्रयास वर्तमानमा प्रारम्भ गरिएको छ । विकेन्द्रित शैक्षिक योजनाको अवधारणा मुताविक स्थानीय शैक्षिक योजनाको रूपमा हाल सालै प्रत्येक विद्यालयले विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्नु पर्ने अनिवार्य व्यवस्था गरिएको छ । विद्यालयको समग्र विकास गरी विद्यार्थीको उच्च सिकाइउपलब्धिस्तर सुनिश्चित गर्ने पक्षमा केन्द्रित रही विद्यालयका सम्पूर्ण सरोकारवाला पक्षहरू (अभिभावक, प्र.अ., शिक्षक, विद्यार्थी र समुदाय) को सहभागितामा विद्यालय मै निर्माण गरिने योजनालाई विद्यालय सुधार योजना भनिन्छ " भनी उलल्ेख गरिएको छ ।

त्यसैगरी अर्याल, निरौला र कोइरालाद्धारा लिखित शैक्षिक विकासका विविध पक्षहरु ,२०६४) का अनुसार æशैक्षिक कार्यक्रम प्रभावकारी ढङ्गबाट योजनाबद्ध रुपमा सञ्चालन गर्नुपर्ने आवश्यक्ता महशुस भए अनुसार राष्ट्रिय तहमा आधारभुत तथा प्राथमिक तहको गुरुयोजना १९९१,आधारभुत तथा प्राथमिक शिक्षा गुरुयोजना १९९२,सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००१-२०१५, शिक्षक शिक्षा आदि नामबाट योजनाबद्ध ढङ्गबाट अगाडी बढाउने प्रयास भइरहेको छ । तर पनि केन्द्रीय तहबाट बनेका योजनाहरुबाट स्थानीय आवश्यक्ता समेट्न नसकेको, स्रोतको समानुपातिक वितरण कायम गर्न नसकिएको, स्थानीय तहमा जिम्मेवारीबोधको विकास हुन नसकेको, सबै बर्ग, क्षेत्रलाई प्रतिनिधित्व गराउन नसकेकै कारणबाट शैक्षिक कार्यक्रमहरु प्रभावकारी हुन नसकी अपेक्षित परिणाम हासील हुन सकिरहेको छैन । यसै कुरालाई ध्यानमा राख्दै शैक्षिक योजनाको विकेन्द्रीकरण गर्ने प्रयास स्वरुप विद्यालय सुधार योजना जस्तो सुक्ष्म योजनालाई प्राथमिकता दिइएको छ " भन्ने कुरा उल्लेख गरिएको छ ।

विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयन गर्न सबै जि.शि.का. र विद्यालयहरुको लागि शिक्षा विभागद्धारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०६८/०६९ को २२ नं बुँदामा विद्यालय सुधार योजना सम्बन्धमा यस्तो उल्लेख छ æ शिक्षा विभागद्धारा विद्यालय क्षेत्र

सुधार कार्यक्रमको अवधारणाअनुरूप शिक्षा मन्त्रालयद्वारा तयार पारिएको क्षमता अभिवृद्धि योजनाको राष्ट्रिय प्रारूपमा आधारित क्षमता विकासका कार्यक्रमहरू समेटिने गरी सबै सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना अध्यावधिक गर्ने र कार्यान्वयन गराउने "। यसरि हेर्दा सबै विद्यालयले अनिवार्य रुपमा विद्यालय सुधार योजना निर्माण गर्नुपर्ने हुन्छ ।

साथै सोहि पुस्तिकाको कम्पोनेन्ट नं ७.१.२ पेज नं. ५३ मा भनिएको छ ।

७.१.२ योजना तथा कार्यक्रम तयारी

क) जिल्ला भित्रका सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना अनिवार्य रूपमा तयार/परिमार्जन गर्न लगाउने । स्रोतकेन्द्र स्तरमा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूबाट तयार गरिएका विद्यालय सुधार योजनाका बारेमा विश्लेषण र अन्तरक्रिया गराउने । प्रत्येक स्रोतव्यक्तिबाट सो सम्बन्धी प्रतिवेदन अनिवार्य रूपले लिने ।

ख) आफ्नो जिल्लाभित्र स्रोतव्यक्ति वा विनिहरूलाई आफ्नो आफ्नो क्षेत्रमा गाउँ शिक्षा योजना निर्माण सम्बन्धमा आवश्यक पहल गर्न लगाउने । माथि १ नं. मा भनिएजस्तै प्रक्रियाबाट विश्लेषण र अन्तरक्रिया गराइ सोको प्रतिवेदनसमेत लिने । जिल्ला शिक्षा योजना अद्यावधिक गर्ने कार्यमा शिक्षा विभागबाट प्राप्त ढाँचाबमोजिम कार्य गर्ने । जिल्ला शिक्षा योजना र वार्षिक रणनीतिक कार्यान्वयन योजना तयार भए पछि सोको एक प्रति क्षेशिनि र शिक्षा विभागमा पठाउने । जिल्ला शिक्षा योजनाको कार्यान्वयन र प्रगतिको अवस्था सम्बन्धमा विश्लेषणात्मक प्रतिवेदन तयार गर्ने र सोसमेत क्षे.शि.नि. र शिक्षा विभाग, कार्यक्रम तथा बजेट शाखामा पठाउने ।

कार्यक्रम कार्यान्वयन पुस्तिका २०६८/०६९ कै पेज ६८ को कार्यक्रम नं ९ मा उल्लेख भए अनुसार प्रत्ये सामुदायिक विद्यालयहरुमा विद्यालय सुधार योजना कार्यान्वयन गर्न देहाय बमोजिमको दरले विद्यालयमा अनुदान निकासा जाने व्यवस्था गरिएको छ ।

कार्यक्रम ९ : विद्यालयहरूलाई PCF का आधारमा Non Salary अनुदान सहयोग

यस अन्तर्गत विद्यालयको व्यबस्थापनको लागि विद्यालयमा अध्ययनरत विद्यार्थी संख्याको आधारमा दिइने शिक्षण क्रियाकलाप सुधारका लागि शैक्षिक सामग्री व्यबस्थापन खर्च, विद्यालय सञ्चालन मसलन्द खर्च, र विद्यालय कर्मचारी व्यबस्थापन खर्चका लागि दिइने अनुदान रहेका छन् ।

उद्देश्यः

१. विद्यालयहरूको व्यबस्थापन तथा सञ्चालनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

| स्वीकृत कार्यक्रम नं./मुख्य मुख्य क्रियाकलाप/कार्यान्वयन विधि |
|---|
| ९. विद्यालयलाई PCF का आधारमा Non Salary Recurrent Cost अनुदान सहयोग |
| ९.१ शिक्षण क्रियाकलाप सुधारका शैक्षिक सामग्री व्यवस्थापन खर्च<br>९.१.१, ९.१.२, ९.१.३ , ९.१.४ र ९.१.५ को लागि<br><br>प्रत्येक सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षा (केन्द्र), प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका विद्यार्थी सङ्ख्या यकिन गर्ने । विद्यालयको प्रत्येक तहका विद्यार्थी सङ्ख्याले उक्त प्रति विद्यार्थी अनुदान तह अनुसार नै गुणन गरी प्रति विद्यालयले पाउने एकमुष्ठ अनुदान निकासा दिने । उक्त रकम वि.व्य.स. को निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री, विद्यालयको शिक्षाको गुणस्तर सुधार लगायत सामान्य मर्मत सम्भारमा खर्च गर्न सकिनेछ भनी विद्यालयलाई स्पष्ट निर्देशन गर्ने । |

| तह | हिमाल | पहाड | तराई/उपत्यका |
|---|---|---|---|
| प्रारम्भिक बालविकास कक्षा (केन्द्र) | प्रति विद्यार्थी रू. १०० | प्रति विद्यार्थी रू. १०० | प्रति विद्यार्थी रू. १०० |
| प्रा.वि. तह | प्रति विद्यार्थी रू.१६० | प्रति विद्यार्थी रू.१५० | प्रति विद्यार्थी रू.१४० |
| नि.मा.वि. तह | प्रति विद्यार्थी रू. १८० | प्रति विद्यार्थी रू. १७० | प्रति विद्यार्थी रू. १६० |
| मा.वि. तह (लक्षित समूह) | प्रति विद्यार्थी रू. ११९५ | प्रति विद्यार्थी रू. १०६५ | प्रति विद्यार्थी रू. ९३५ |
| मा.वि. तह (साधारण) | प्रति विद्यार्थी रू. २३० | प्रति विद्यार्थी रू. २२० | प्रति विद्यार्थी रू. २१० |

नेपाल निजामति कर्मचारी यूनियनद्धारा प्रकाशित शिक्षासोपान वर्ष ४ अंक ४ पेज १९१ मा शिक्षा मन्त्रालयका उपसचिव श्री हरिप्रसाद लम्सालद्धारा लिखित लेख योजना निर्माण र यसका विविध पक्षहरु मा भनिएको छ “शिक्षामा हाल देखिएका समस्याहरु समाधान गर्न, भएको अवस्थामा सुधार ल्याउन र अझ विकास गर्नका लागि शैक्षिक योजना निर्माण र

कार्यान्वयन गर्नुपर्ने हुन्छ । योजना निर्माणबाट मात्र वस्तुगत ढङ्गबाट अगाडी बढने आधार प्राप्त हुन सक्छ । विद्यमान अवस्थाको वस्तुगत ढङगबाट विश्लेषण गरेर गर्नुपर्ने कार्यहरु त्य गरिएमा अवश्य पनि उपलब्धि हासील हुन सक्छ । तर यस क्रममा विचार गर्नुपर्ने सैद्दान्तिक र प्राविधिक पक्षहरुलाई गहन रुपबाट मनन् गर्नुपर्छ । विकसित मुलुकहरुका अनुभवले देखाए अनुसार योजनाले राज्यलाई अनुशाशित ढङ्गबाट अगाडी बढ्नका लागि बाटो देखाउनुका साथै अनुसाशित पनि बनाउने गर्छ । हाम्रा लागि पनि पहिलो र अन्तिम विकल्प भनेको यहि मात्र हो ।Æयसबाट पनि विद्यालयमा विद्यालय सुधार योजनाको आवश्यकता बारे आँकलन गर्न सकिन्छ।

शिक्षा मन्त्रालय, शिक्षा विभाग सानोठिमीद्दारा २०६९ बैसाखमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएको विद्यालय सुधार योजना निर्माण सहयोगी- पुस्तिका विद्यालय सुधार योजना निर्माणको लागि मूल मन्त्र नै हो । जुन पुस्तिकामा विद्यालय सुधार योजना निर्माण कार्यविधि, योजनाको संक्षिप्त खाका, योजना निर्माण र कार्यान्वयन जिम्मेवारी योजना निर्माणको विस्तृत खाका, आवश्यक सूचकहरुको पहिचान आदि उल्लेख गरिएको छ । उक्त पुस्तिकाका अनुसार æयोजना स्वीकृत गर्ने र विद्यालयसँग मिली संयूक्त रुपमा योजना कार्यान्वयन गर्ने विकेन्द्रित शैक्षिक योजनाको एक अङ्गका रुपमा आ.व. २०५८/०५९ देखि कार्यान्वयनमा ल्याइएको विद्यालय सुधार योजनालाई विद्यालय संगठन भित्रको संस्थागत योजना तथा शैक्षिक व्यवस्थापनको सबैभन्दा स्थानीय तहमा बन्ने सुक्ष्म योजना अभ्यासका रुपमा अवलम्बन गरिएको छ ।

विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयन गर्ने विषय विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ , शिक्षा क्षेत्रमा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनसँगै मुलुकको विकासका विभिन्न पक्षहरुमा विकेन्द्रीकरणको अभ्यासलाई प्रयोग गरिदै आइएको हो । यसैको निरन्तरताको रुपमा विद्यालय सुधार योजनालाई लिन सकिन्छ ।

साथै यो Buttom up Approach को सिद्धान्तमा समेत आधारित छ । सरोकारवाहरु आफैले आफ्नो आवश्यक्ता पहिचान गरी आवश्यक्ता पुरा गर्नको लागि योजना निर्माण गर्ने र कार्यान्वयन समेत आफैले गर्ने र तल्लो तहबाट उठान भएका योजना र आवश्यक्ताहरुलाई सम्बोधन हुनेगरी माथिल्लो निकायबाट योजना तर्जुमा र बजेट व्यवस्थापन गर्ने गरिन्छ ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन व्यवस्थापनको सिद्धान्तमा समेत आधारित छ । व्यवस्थापनको सिद्धान्तले विद्यालयमा छरिएर रहेका आवश्यक्ताहरुको एकिकृत गर्ने तथा एकिकृत रुपमा साधनस्रोतको व्यवस्थापन र परिचालन गर्ने कुरा व्यवस्थापनको सिद्धान्तमा आधारित छ । यसैगरी विद्यालयमा सुशासन कायम गर्नको लागि पारदर्शिता, जवाफदेहीता, सहभागिता जस्ता विषयहरुलाई पनि विद्यालय सुधार योजनाले आत्मसाथ गर्ने हुनाले यो सुशासनको सिद्धान्तमा समेत आधारित छ ।

# परिच्छेद तीन

## अनुसन्धान विधि

वास्तवमा कुनै कार्यलाई अगाडि बढाउन त्यसमा प्रयोग भएको विधि, ढाँचा, जनसंख्या, तथ्याङ्कको आकार, छनौट विधि आदि किटान गर्नुपर्ने हुन्छ । यो अनुसन्धान पुरा गर्नको लागि अपनाईएका अध्ययन विधि र प्रकृया निम्न बमोजिम हुनेछन् :

### ३.१. अनुसन्धानात्मक ढाँचा

विद्यालय सुधार योजनाको निर्माण प्रक्रिया, विद्यालय सुधार योजना र सिकाइउपलब्धि बीचको सम्बन्ध, योजना कार्यान्वयनको अवस्था कस्तो छ भनी गर्न खोजिएको यो अनुसन्धान सर्वेक्षणबाट प्राप्त सूचनालाई गुणात्मक र परिमाणात्मक रुपमा विश्लेषण र विवेचना गरी अध्ययनको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

| क्र.सं. | उद्धेश्यहरु | प्रयोग गरिने साधनहरु | प्रतिक्रियादाता | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | वि.व्य.स. | स्रोतव्यक्ति |
| १ | विद्यालय सुधार योजना निर्माण प्रक्रियाको विश्लेषण गर्नु । | प्रश्नावली | √ | √ | √ | √ |
| | | लक्षित समुह छलफल | प्र.अ. | - | - | - |
| | | दस्तावेज अध्ययन | आवधिक वि.सु.यो., लब्धाङक पञ्जिका | | | |
| २ | विद्यालय सुधार योजना र विद्यार्थी सिकाइ उपलब्धी बीचको सम्बन्धको विश्लेषण गर्नु | प्रश्नावली | √ | √ | √ | √ |
| | | लक्षित समुह छलफल | प्र.अ. | - | - | - |
| | | दस्तावेज अध्ययन | आवधिक वि.सु.यो., लब्धाङक पञ्जिका | | | |
| ३ | विद्यालय सुधार योजना कार्यान्वयनमा आइपरेका समस्याहरू पहिचान गरी निराकरणका उपायहरू पत्ता लगाउनु । | प्रश्नावली | √ | √ | √ | √ |
| | | लक्षित समुह छलफल | प्र.अ. | - | - | - |
| | | दस्तावेज अध्ययन | आवधिक वि.सु.यो., लब्धाङक पञ्जिका | | | |

## ३.२. जनसंख्या

अध्ययन क्षेत्र राधाकृष्ण स्रोतकेन्द्रका प्र.अ., शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, स्रोतव्यक्ति र विद्यार्थीहरु यस अध्ययनका जनसङ्ख्या रहेका छन ।

## ३.३. नमूना छनौट

जुनसुकै अध्ययन पुरा गर्न समग्र जनसंख्याबाट सूचना संकलन गर्न समय, स्रोत र साधनले नभ्याउने हुँदा प्रतिमूलकढंगबाट नमूना लिनु पर्ने हुन्छ । यस अध्ययनलाई पुरा गर्न समग्र जनसंख्याको प्रतिनिधित्व हुनेगरी देहाय बमोजिम नमूना छनौट गरिएको छ ।

३.३.१ **जिल्ला छनौटः** सुविधाजनक छनौट विधिका आधारमा मोरङ जिल्लालाई छनौट गरिएको छ ।

३.३.२ **स्रोतकेन्द्र छनौटः** मोरङ जिल्ला शिक्षा कार्यालय अन्तर्गत सञ्चालित १६ वटा स्रोतकेन्द्रहरु मध्ये सुविधाजनक छनौट विधिका आधारमा राधाकृष्ण मा.वि. विराटनगर स्रोतकेन्द्र छनौट गरिएको छ ।

३.३.३ **विद्यालय छनौटः** राधाकृष्ण स्रोतकेन्द्र अन्तर्गत सञ्चालित ३२ वटा सामुदायिक विद्यालयमध्ये उद्धेश्यमूलक एवं सुविधाजनक नमूना छनौट विधिका आधारमा विराटनगर उपमहानगरपालिका भित्रका ३ र अन्य २ वटा गा.वि.स. का ३ गरी ६ वटा विद्यालयहरु छनौट गरिएको छ । छनौट गरिएका विद्यालयहरु परिशिष्ट २ मा राखिएको छ ।

३.३.४ **प्र.अ. छनौट** : उद्धेश्यात्मक नमुना छनौट विधिका आधारमा नमूनाका रुपमा लिइएका ६ वटा विद्यालयका प्र.अ. ६ जना छनौट गरिएको छ ।

३.३.५ **शिक्षक छनौट** : उद्धेश्यात्मक नमुना छनौट विधिका आधारमा नमूनाका रुपमा लिइएका ६ वटा विद्यालयका ६ जना शिक्षक छनौट गरिएको छ ।

३.३.६ **वि.व्य.स.अध्यक्ष/ सदस्य छनौट** : उद्धेश्यात्मक नमुना छनौट विधिका आधारमा नमूनाका रुपमा लिइएका ६ वटा विद्यालयका वि.व्य.स. अध्यक्ष र सदस्य २ जनाको दरले जम्मा १२ जना छनौट गरिएको छ ।

**३.३.७ स्रोतव्यक्ति छनौट** : उद्धेश्यात्मक नमुना छनौट विधिका आधारमा नमूनाको रुपमा लिइएको राधाकृष्ण स्रोतकेन्द्रका स्रोतव्यक्ति लाई  छनौट गरिएको छ ।

यसरि छनौट गरिएका विद्यालयहरुबाट ती विद्यालयका प्र.अ./शिक्षक १२ जना, वि.व्य.स.अध्यक्ष/ सदस्य र अभिभावक गरी प्रति विद्यालयबाट २ जनाका दरले जम्मा १२ जना र स्रोतव्यक्ति १ जनालाई नमूनाको रुपमा लिइ उनीहरुबाट सूचना संकलन गरी अनुसन्धान कार्य गरिएको छ । छनौट गरिएका व्यक्तिहरुको विवरण परिशिष्ट ४ मा राखिएको छ ।

**नमूना छनौट ढाँचा**

| क.सं. | प्रतिक्रियादाता | नमूना छनौट विधि | जम्मा प्रतिक्रियादाता |
|---|---|---|---|
| १ | प्र.अ./शिक्षक | उद्धेश्यात्मक | १२ जना |
| २ | वि.व्य.स. अध्यक्ष/सदस्य | सुविधाजनक | १२ जना |
| ३ | स्रोतव्यक्ति | उद्धेश्यात्मक | १ जना |

## ३.४. तथ्याङक संकलनका स्रोतहरु

यो अध्ययन पुरा गर्न देहाय अनुसारका स्रोतबाट आवश्यक सूचना तथा तथ्याङक लिइएको छ ।

**क) प्राथमिक स्रोत** : नमूना छनौट गरिएका ६ वटा विद्यालयहरुका प्र.अ./शिक्षक, वि.व्य.स.अध्यक्ष/सदस्य र स्रोतव्यक्ति सँग प्रश्नावली, लक्षित समूह छलफल जस्ता प्राथमिक स्रोतबाट प्राथमिक सूचना संकलन गरिएको छ ।

**ख) द्धित्तीयक स्रोत** : नमूना छनौट गरिएका ६ वटा विद्यालयहरुका आवधिक विद्यालय सुधार योजना र विद्यालय शैक्षिक तथ्याङ्क Flash II  लगायत प्राथमिक तहको लब्धाङक पञ्जिका र उक्त विद्यालयहरुको विद्यालय सुधार योजना पुस्तिका जस्ता द्धित्तीयक स्रोतबाट द्धित्तीयक तथ्याङक संकलन गरिएको छ ।

### ३.५. साधनको निर्माण

यो अध्ययन गुणात्मक प्रकृतिको भएको हुँदा देहाय अनुसारका साधनहरुको प्रयोग गरि अध्ययनको लागि आवश्यक पर्ने सूचनाहरु संकलन गरिएको छ ।

क) **प्रश्नावली** : सम्बन्धित विषयमा अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न नमूना छनौट गरिएका विद्यालयका प्र.अ./शिक्षक, वि.व्य.स.अध्यक्ष/सदस्य र स्रोतव्यक्ति सँग प्रश्नावली भराइएको थियो, जसको लागि १ दखि ३ सम्मका अनुसूचीहरु प्रयोग गरिएको छ ।

ख) **लक्षित समुह छलफल सञ्चालन** : अध्ययनको उद्धेश्य पुरा गर्न यसमा राखिएका उद्धेश्यहरुमा केन्द्रित रही ६ वटा विद्यालयका प्रधानाध्यापकहरुसँग लक्षित समुह छलफल सञ्चालन गरी आवश्यक सूचना संकलन गरिएको छ । लक्षित समूह छलफल सञ्चालन गरिएका प्र.अ.हरुको विवरण परिशिष्ट ५ मा राखिएको छ ।

ग) **दस्तावेज अध्ययन :** सम्बन्धित विद्यालयका आवधिक ५ वर्षे विद्यालय सुधार योजना, शैक्षिक तथ्याङक FLASH II, विद्यार्थीहरुको लब्धाङक पञ्जिकाहरु लगायत वि.व्य.स. बैठक पुस्तिका र दस्तावेजहरु अध्ययन गरिएको छ ।

### ३.६. साधनको वैद्यता

तथ्याङक संकलनका लागि आवश्यक साधनहरुको निर्माण गरी उक्त साधनहरुको वैद्यताका लागि विषय शिक्षकलाई निर्मित साधनहरु देखाई वहाको सल्लाह र सुझावका आधारमा साधनहरुलाई परिस्कृत एवं परिमार्जन गरी साधनलाई वैद्यता प्रदान गरिएको छ ।

## ३.७. तथ्याङक संकलन प्रक्रिया

छनौट गरिएका ६ वटा सामुदायिक विद्यालयहरुबाट ती विद्यालयका प्र.अ./शिक्षक १२ जना, वि.व्य.स.अध्यक्ष/ सदस्य र अभिभावक गरी प्रति विद्यालयबाट २ जनाका दरले जम्मा १२ जना र स्रोतव्यक्ति १ जना सँग असंरचित अन्तर्वार्ताद्धारा योजना निर्माण प्रक्रिया, कार्यान्वयनमा देखिएका समस्या जस्ता विषयमा अध्ययनकर्ता स्वयं विद्यालयमा गई प्राथमिक सूचना संकलन गरिएको छ । ६ वटा विद्यालयका प्रंधानाध्यापकहरुसँग अध्ययनको उद्धेश्यहरुमा केन्द्रीत रहि लक्षित समूह छलफल सञ्चालन गरी महत्वपूर्ण सूचना र धारणाहरु संकलन गरिएको छ । त्यस्तै गरी छनौट गरिएका विद्यालयको प्रत्येक विद्यालयहरूबाट विद्यार्थीको मार्कलेजरको अध्ययनबाट औषत सिकाइ उपलब्धीको समेत विश्लेषण गरिएको छ । साथै उक्त विद्यालयहरुको चालु आवधिक विद्यालय सुधार योजनाको अध्ययन गरी योजना निर्माण प्रक्रिया योजनाले राखेका लक्ष्यहरु, योजनामा सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरु राखेको नराखेको सम्बन्धमा गहिरिएर अध्ययन गरिएको छ ।

## ३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययन मूल रुपमा विवरणात्मक भएकोले सम्बन्धित व्यक्तिहरूबाट प्राप्त प्रतिक्रिया तथा सूचनालाई अध्ययन गरिएको र उनीहरूबाट सूचना तथा जानकारीहरुलाई संक्षेपीकरण गर्दै त्रिकोणात्मक जाँच गरी सार निकाली गुणात्मक विधिद्धारा व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ भने परिमाणात्मक सूचनाहरुको आवश्यक्ता अनुसार तालिकीकरण गरी विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार
# विश्लेषण र व्याख्या

यस अध्ययनले राखेका उद्धेश्यहरु पुरा गर्नका लागि सङ्कलन गरिएका तथ्याङ्क, सूचना, धारणा र विद्यार्थीहरूको सिकाई उपलब्धिलाई क्रमैसँग तल उल्लेख गरिए बमोजिम  विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ विद्यालय सुधार योजनाको निर्माण प्रक्रियाको विश्लेषण र व्याख्या

६ वटै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको छ । प्र.अ. अशोक लुइटेलका अनुसार विद्यालय सुधार योजना निर्माण सम्बन्धी ३ दिनको तालिम स्रोतकेन्द्रबाट भएको पनि छ । विद्यालयले आफ्नो योजना आफैं बनाउदा प्र.अ. तथा शिक्षकको दक्षता बढ्छ । योजना निर्माण गर्दा योजना निर्माण समुह गठन गरी बनाउदा नै सहज र सजिलो हुन्छ । वि.सु.यो निर्माण गर्दा सेवाक्षेत्रको पहिचान, घरधुरी सर्वेक्षण, उमेरगत जनसंख्या, विद्यालयमा भर्ना भएका जनसंख्या, शिक्षक संख्या, विद्यालयको बजेट जस्ता तथ्याङ्कहरुको जरुरत पर्दछ भने एस.एस.आर.पी.ले राखेक सूचकहरुनै वि.सु.यो.मा पनि रहनुपर्छ भन्ने धारणा प्.अ. बद्रीप्रसाद पराजुलीको रहेको छ  । वि.सु.यो. निर्माणमा अभिभावक,शिक्षक, प्र.अ., वि.व्य.स., पि.टी.ए.र बालक्लब तथा स्थानीय गैरसरकारी संस्था समेतको  समेत सहभागिता हुनुपर्छ तर यसो गर्न नसकिएको र प्र.अ. लगायत २/३ जना शिक्षक समुह मिलेर योजना निर्माण गरिएको कुरा प्र.अ. यदु लुईटेल बताउनुहन्छ । विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०६९ विद्यालयमा नपुगेको सबै प्र.अ.हरुले बताउनुभयो

विद्यालयमा वि.सु.यो. निर्माण भएको छ र विद्यालयमा रहेको पनि छ । योजना निर्माण सम्बन्धी तालिम लिएको पनि छ तर पनि योजना निर्माणको लागि दक्ष जनशक्ति नभएको बताउनुहुन्छ अध्यक्ष बेचन सरदार । विद्यालयका प्र.अ. र शिक्षक नै सक्रिय रहनुपर्ने भएर योजना निर्माण गर्नुपर्ने भनाई अध्यक्ष मस्तराम ऋषिदेवको रहेको छ ।  छोटो तालिम पर्याप्त

नहुने, अझै तालिम दिएर क्षमता अभिबृद्धि गर्नुपर्ने , जि.शि.का.ले बजेट पर्याप्त दिनुपर्ने, सरोकारवाला आफैले योजना निर्माण र कार्यान्वयन गर्दा विद्यालयको सुधार त हुने तर बजेट पर्याप्त नभइ योजना देखाउनका लागि मात्र जस्तो भएको धारणा महिला सदस्य रीता मुडीयारीको रहेको छ ।

स्रोतव्यक्ति नन्दकुमार ठाकुरको धारणा यस्तो छ । æस्रोतकेन्द्रका सबै विद्यालयमा वि.सु.यो निर्माण हुन सकेको छैन । योजना निर्माणको लागि तथ्याङ्क संकलन गरी संकलित तथ्याङ्कको आधारमा विद्यालयको अवस्थाको विश्लेषण गरी योजना निर्माण गर्ने गगरिएको छ । तोकिएका सूचकहरुको आधारमा विद्यालयको वर्तमान अवस्थाको विश्लेषण गर्ने र लक्ष्य निर्धारण गर्ने काम भएको छ । योजना निर्माण सम्बन्धी पहिला नै तालिम दिएको छ तर SSRP को कम्पोनेन्ट अनुसार योजना अद्यावधिक हुन सकेको छैन । विद्यालय सुधार योजनामा सि.उ. सुधारका पनि कार्यक्रम समावेस हुन्छन तर आंशिक मात्र । निर्देशिका बमोजिम नै योजना निर्माण भएको पनि छ र प्र.अ.को नेतृत्वमा योजना निर्माण समुहले नै निर्माण गर्दछ । नँया निर्देशिका भर्खर मात्र आएकोले सबै विद्यालयमा पुऱ्याउन सकिएको छैन । स्रोतकेन्द्रभित्र सामुदायिक र संस्थागत गरी विद्यालयको संख्या १०० भन्दा बढी भएकोले नियमित अनुगमन र पृष्ठपोषण दिने कार्य गर्न सकिएको छैनÆ.

नमूना छनौट गरिएका ६ वटै विद्यालयका आवधिक विद्यालय सुधार योजना अध्ययन तथा विश्लेषण गरियो । सबै विद्यालयमा छोटो अवधिको पनि तालिम लिएको अवस्था रहेको, विद्यालय सुधार योजना निर्माण निर्देशिका बमोजिम नै तथ्याङ्क संकलन गरि विद्यालयको वर्तमान अवस्थाको सुचकहरु पहिचान गरिएको, योजना निर्माण समुह गठन गरेको र सोहि समुहले नै योजना निर्माण गरेको पाइएको शिक्षक, विद्यार्थी, अभिभावक को आचारसंहिता निर्माण गरिएको अवस्था छ तर शहरी क्षेत्रमा विद्यालयको सेवाक्षेत्र पहिचानमा समस्या रहेको छ । ५ वर्षको लागि बजेट सहितको कार्यक्रम राखिएको अवस्था रहेको छ । प्राय सबै विद्यालयका सुधार योजनामा विशेष गरी निम्न विषयहरु समावेस छन ।

क) विद्यालयको संक्षिप्त परिचय

ख) सेवाक्षेत्रको विवरण

ग) प्रमुख आवश्यक्ताहरुको पहिचान

घ) स्रोतको पहिचान र विश्लेषण

ङ) शिक्षक विवरण र वि.व्य.स. नामावली

च) विद्यालय सेवाक्षेत्र भित्रको जनसंख्या र विद्यालयमा भर्ना नभएका संख्या

छ) विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या

ज) गत शैक्षिक सत्रको विद्यार्थीको औसत सिकाइ उपलब्धिस्तर

झ) विद्यालयको भौतिक अवस्थाको विवरण

ञ) सूचक तथा लक्ष्य निर्धारण

ट) बजेट बिना पनि गर्न सकिने कार्यक्रमहरु

ठ) कार्यक्रम एवं रणनीति

ण) वार्षिक वित्तीय लक्ष्य ( ५ वर्षको)

त) वार्षिक भौतिक लक्ष्य ( ५ वर्षको)

थ) आम्दानी खर्चको विवरण

यसरी हेर्दा विद्यालय सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको छ, योजना निर्माण प्रति सबै सरोकारवालाहरु सकारात्मक नै रहेका तर दक्ष जनशक्तिको अभाव, नँया निर्देशिका विद्यालयसम्म नपुगेको र प्र.अ.को नेतृत्वमा २/३ जना शिक्षक मिलेर नै विद्यालय सुधार योजना निर्माण गर्नु परेको विद्यमान अवस्था छ ।

यसरी विद्यालय सुधार योजना निर्माण प्रक्रियाको सम्बन्धमा प्रश्नावली मार्फत प्र.अ./शिक्षक वि.व्य.स.पदाधिकारी बाट प्राप्त धारणा र प्र.अ.हरुलाई लक्षित समूह छलफल गर्दा सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण त भएको छ तर दक्ष जनशक्तिको अभाव, तालिमको अभाव, सरोकारवालाहरुमा योजना निर्माण भन्दा पनि विद्यालयको अन्य पक्षमा अल्मलिनु, सानो समुबाट योजना निर्माण हुनु, जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने प्रयोजनको लागि मात्र योजना निर्माण गर्नु, शहरी क्षेत्रमा विद्यालयको सेवाक्षेत्र पहिचानमा समस्या र योजना निर्माणको लागि आवश्यक सूचकहरु पहिचान गर्न नसक्नु जस्ता कारणले योजनाको मर्म बमोजिम विद्यालय सुधार योजना निर्माण भएको पाइदैन ।

## ४.२. विद्यालय सुधार योजना र विद्यार्थी सिकाइ उपलब्धी बीचको सम्बन्धको विश्लेषण र व्याख्या

अनुसन्धानको लागि छनौट गरिएका ६ वटै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको छ । विद्यालय सुधार योजनामा सिकाई उपलब्धि बृद्धि गर्ने खालका कार्यक्रमहरु पनि समावेस भएको हुनाले गत विगत वर्ष भन्दा विद्यार्थीहरुको सिकाई उपलब्धिमा बढोत्तरी नै भएको पाइन्छ ।

विद्यालय सुधार योजनामा अघिल्लो शैक्षिक सत्रको औसत सिकाइ उपलब्धिस्तर गणना गरिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुराहरु समावेस गरिएको छ । वि.सु.यो.मा शैक्षिक योजना, शिक्षण सिकाई क्रियाकलाप सम्बन्धी योजना रहनुपर्ने र शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर भयो भने सिकाइउपलब्धि बृद्धि गर्न सकिने धारणा प्र.अ. अशोक लुईटेलको रहेको छ । प्र.अ. बद्रीप्रसाद पराजुलीका अनुसार सबै पक्ष इमान्दार नभएर, सकारात्मक सोचको कमि, विद्यालयमा राजनीति हावी हुनु, दैनिक कार्यतालिकाको प्रयोग नहुनु साथै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई साँच्चै कार्यान्वयन गर्न नसक्नु नै सिकाई उपलब्धि बृद्धि गर्न नसकिएको हो । सिकाइ उपलब्धि उपलब्धि बृद्धि गर्ने क्रियाकलापहरु विद्यालय सुधार योजनामा राखेर त्यसकाकार्यान्वयनबाट विगत वर्षको भन्दा राम्रो शैक्षिक उपलब्धी हासील गर्न सकिएको धारणा प्र.अ. यदु लुईटेलको रहेको छ । उनका अनुसार उक्त विद्यालयको शैक्षिक उपलब्धी विषयगत र कक्षागत औसत ५० प्रतिशत भन्दा माथि रहेको छ । प्राय सबै प्र.अ./शिक्षकहरूले शैक्षिक उपलब्धिमा प्रभाव पार्ने मुख्य तत्वहरूमा उपयुक्त शैक्षिक वातावरण, नियमित पठनपाठन, अभिभावकहरूको छोराछोरीको पढाइप्रति चासो र शिक्षक दक्षता, योग्यता एवं तालिम हो भनी प्रतिक्रिया दिएका थिए । त्यस्तै गरी शिक्षकहरूले विद्यालयको भौतिक अवस्था एवं शैक्षिक श्रोत, सुपरीवेक्षण, वार्षिक कार्ययोजना, सामग्रीको व्यवस्था, शिक्षकको मनोबल उकास्ने कार्यक्रमहरु योजनामा रहनुपर्ने, विद्यार्थीको नियमितता र शिक्षकको लगनशीलताले समेत सिकाई उपलब्धिमा प्रभाव पार्ने प्रतिक्रिया दिएका थिए । धरैजसो वालवालिकाहरु विद्यालय आँउदा खाना नै नखाइ आउने गरेको आउने गरेको अनुभव शिक्षक कल्पना शर्मा बताउनुहुन्छ ।

विद्यालय सुधार योजना र सिकाई उपलब्धिको सम्बन्ध कस्तो छ भनी वि.व्य.स. अध्यक्ष/सदस्यहरुलाई प्रश्नावली मार्फत सोधिएकोमा अध्यक्ष कृष्ण ब. राजवंशी, सदस्य कतुलाल चौधरी र सदस्य अशोक सरदारका अनुसार विद्यालयमा निम्न कुराहरु भएमा र उस्ता कुराहरुलाई योजनामा समावेस गरेर कार्यान्वयन गर्न सके सिकाई उपलब्धि बृद्धि हुने कुरा उल्लेख गर्नुभएको छ ।

- नियमित विद्यालय सञ्चालन भएमा
- सबै शिक्षकहरू तालिम प्राप्त भएमा
- शिक्षक र अभिभावक बीचमा अन्तरक्रिया भइरहेमा
- सधैं स्कूल निरीक्षण भएमा
- शिक्षक र विद्यार्थीहरू विद्यालयमा नियमित भएमा
- शैक्षिक सामग्री र मनोरञ्जनात्मक क्रियाकलापहरू बढी भएमा
- शिक्षकहरू बढी जिम्मेवार भएमा
- विद्यार्थीहरूको प्रगति बेला बेलामा अभिभावकहरूलाई जानकारी गराइरहेमा
- खेलकुदको राम्रो व्यवस्था भएमा
- ट्यूसन र कोचिङ्ग क्लास भएमा
- घरमा नानीहरूलाई काम गर्न नलगाई सधैं गृहकार्य गर्न लगाएमा ।

स्रोतव्यक्ति नन्दकुमार ठाकुरको अनुसार विद्यालयमा हुने पठनपाठनले मात्र शिक्षण सिकाईमा सुधार हुन सक्दैन । सिकाई उपलब्धि बृद्धि गर्ने प्रमुख दायित्व भनेको प्र.अ. र शिक्षकको हो तर विद्यालयमा विद्यार्थी नियमितता भने हुनुपर्छ । विद्यालय सुधार योजनामा सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरु समावेस गरि कार्यान्वयन गर्ने हो भने शिक्षण सुधारका कार्यक्रमहरु सञ्चालन हुने र त्यस नियममा सबै चल्नेहुँदा सिकाइ उपलब्धिमा सुधार हुन सक्ने धारणा स्रोतव्यक्तिको रहेको छ । । सबभन्दा महत्वपूर्ण कुरा त कक्षाकोठामा शिक्षक र विद्यार्थीको नियमितता भएमा र शिक्षकले आफ्नो कर्तव्यको बोध गरेमा शिक्षणमा सुधार हुने कुरामा उहा विस्वश्त हुनुहुन्छ । आफ्नो स्रोतकेन्द्र भित्रका केहि विद्यालयहरुले विद्यालय सुधार

योजनामा नै सिकाइ उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरु राखेको र त्यसको Action plan समेत तयार गरी लागु गर्न थालेकोले सुधारका संकेतहरु देखापर्न थालेको र शैक्षिक उपलब्धि बृद्धि हुन थालेको वँहा बताउनुहुन्छ ।

१० वटै विद्यालयको विद्यालय सुधार योजना अध्ययन गर्दा प्राय विद्यालयका सुधार योजनामा शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स.को आचारसंहिता निर्माण गरी राखिएको पाइयो भने सो बमोजिम विद्यालयमा समेट टाँस गरेको पाइयो । गत शैक्षिक सत्रको विद्यार्थीहरुको सिकाई उपलब्धि योजनामा समावेस गरिएको छ । विद्यालय सुधार योजनामा विद्यालयमा सहक्रियाकलाप सञ्चालन गर्ने, बालमैत्री कक्षा सञ्चालन गर्ने, विद्यार्थीको प्रगति अभिभावकलाई जानकारी गराई शैक्षिक सामग्रीको निर्माण र प्रयोगलाई बढावा दिने जस्ता कार्यक्रमहरु राखेको पाइयो भने बजेट विना पनि सञ्चालन गर्न सकिने कार्यक्रमहरु भनेर देहाय अनुसारका कार्यक्रमहरु राखिदा पक्कैपनि सुधार योजना निर्माणले विद्यार्थीहरुको सिकई उपलब्धि बृद्धि गर्न सहयोग पुग्न सक्छ भन्ने अपेक्षा गर्न सकिन्छ । शैक्षिक सत्र २०६९ को प्राथमिक तहको सिकाई उपलब्धि हेर्दा एउटा विद्यालयको ५० प्रतिशत भन्दा माथि देखिन्छ भने अन्यको ३७ देखि ४९ प्रतिशत सम्म देखिन्छ ।

**बजेट विना पनि गर्न सकिने भनी वि.सु.योजनामा समावेस गरिएका विषयहरु**

- आमाभेला
- बालऱ्याली
- घरदैलो कार्यक्रम
- शैक्षिक सामग्री तयार
- शिक्षक विद्यार्थीबीच अन्तरक्रिया
- शिक्षक विद्यार्थीमा नियमितता
- सिकाइउपलब्धि सूचकको प्रयोग
- शिक्षक र वि.व्य.स. भेटघाट
- कक्षा दोहोऱ्याउने र छाड्नेको तथ्याङ्क सोको निराकरण गर्ने आदि ।

सामुदायिक विद्यालयमा प्राय गरिव र पिछडिएका क्षेत्र र समुदायका वालवालिकाहरु अध्ययन गर्ने हुनाले अभिभावकको कम चासो, विद्यालयमा कम उपस्थिती, विद्यार्थी नियमितता जस्ता समस्याहरु पनि छन यस्ता समस्यालाई समाधान गर्ने कार्यक्रमहरु विद्यालय सुधार योजनामा समावेस गरेर Action plan निर्माण गर्ने हो र सबैको सहभागितामा आचार संहिता निर्माण गरी सबैको तर्फबाट दायित्वबोध गर्ने हो भने पक्कै पनि सिकाइ उपलब्धिमा सुधार भई शैक्षिक उपलब्धि आशातीत मात्रामा बृद्धि गर्न सकिने देखिन्छ ।

**तालिका: १**

**विषयगत औषत प्राप्ताङक विवरण २०६९**

शैक्षिक सत्र २०६९ को प्रा.तह (कक्षा १–५) को मूख्य ५ विषयको औसत सिकाई उपलब्धि विवरण

| विद्यालयको नाम | कक्षा | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञन तथा वातावरण शिक्षा | छ विषयको औसत सिकाईउपलब्धि |
|---|---|---|---|---|---|---|---|
| जनतानमूना उ.मा.वि. विराटनगर | १–५ | ४५ | ४४ | ३६ | ४२ | ४५ | ४२.४ |
| नि.मा.वि. कञ्चनबारी, विराटनगर | १–५ | ४२ | ४३ | ४६ | ४६ | ४७ | ४४.८ |
| दुर्गा प्रा.वि. झोराहाट | १–५ | ५३ | ५८ | ५१ | ५९ | ५८ | ५५.८ |
| सरस्वती उ.मा.वि. झोराहाट | १–५ | ४७ | ४८ | ४५ | ४७ | ४६ | ४६.५ |
| ज्योति प्रा.वि. खार्जी विराटनगर | १–५ | ४१ | ४४ | ४५ | ४७ | ४६ | ४४.६ |
| शिवजी प्रा.वि. बैजनाथपुर | १–५ | ४२ | ४८ | ५२ | ५३ | ५४ | ४९.८ |

स्रोत : शैक्षिक तथ्याङ्क ( Flash II ) २०६९ राधाकृष्ण स्रोतकेन्द्र, मोरङ

माथिको तालिकाको अध्ययनबाट के देखिन्छ भने विद्यालय सुधार योजनामा सिकाई उपलब्धि बृद्धि गर्ने खालका क्रियाकलापहरु समावेस भएको खण्डमा विद्यार्थिहरुको सिकाई उपलब्धि विगत भन्दा बृद्धि भएको पाइन्छ र सरदर नतिजा हेर्दा सन्तोषजनक नै पाइएको अवस्था छ ।

विद्यालय सधार योजना कार्यान्वयन र विद्यार्थीहरुको सिकाई उपलब्धि बीचको सम्बन्धको बारेमा नमुना छनौट गरिएका उत्तरदाताहरुको प्रतिक्रिया, दस्ताबेज अध्ययन र लक्षित समुह छलफल र माथि उल्लेखित तालिकाबाट के देखिन्छ भने, यदि विद्यालयले विद्यालय सुधार योजनामा विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गर्ने खालका क्रियाकलापहरु समावेस गरी कार्यान्वयन गरेको खण्डमा विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि हुने रहेछ भन्ने कुरा माथिको व्याख्याबाट बुझ्न सकिन्छ ।

**४.३. विद्यालय सुधार योजना कार्यान्वयनमा आइपरेका समस्याहरुको विश्लेषण र व्याख्या**

विद्यालय सुधार योजना कार्यान्वयनमा भएका समस्याहरुको सम्बन्धमा नमूना छनौट गरिएका ६ वटा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., शिक्षक तथा अभिभावकहरुलाई प्रश्न सोध्दा निम्न बमोजिमको जवाफ प्राप्त भयो ।

**तालिकाः२**

| कारणहरु | वि.व्य.स अध्यक्ष | प्र.अ. | शिक्षक | अभिभावक |
|---|---|---|---|---|
| योजना महत्वाकांक्षी भएको | ५ | ५ | ४ | २ |
| शिक्षकहरुको प्रतिबद्धतामा कमि रहेको | ६ | ४ | ३ | ६ |
| अनुगमनमा कमि रहेको | ५ | ५ | ६ | ६ |
| सरोकारवालाहरुको सचेतनामा कमि रहेको | ६ | ४ | ६ | ४ |

स्रोतः स्थलगत अवलोकन

माथिको तालिकाबाट के देखिन्छ भने विद्यालय सुधार योजना निर्माण गरेर मात्र भन्दा पनि यसको सफल कार्यान्वयन गर्न सकियो भने अपेक्षित उपलब्धि हासील हुने रहेछ तर यसको लागि सरोकारवाला सबैको सहभागिता र सक्रियता अनिवार्य रहने रहेछ साथै अर्काको मूख ताक्ने मात्र ताक्ने गरी महत्वाकांक्षि योजना निर्माण गरीयो भने कार्यान्वयन गर्न समस्या हुनेरहेछ ।

यसरी हेर्दा सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण त भएको देखिन्छ तर महत्वकाक्षी योजना ,शिक्षकहरुको प्रतिबद्धताको कमि, माथिल्लो निकायबाट नियमित र प्रभावकारी अनुगमन नहुनु, सबै सरोकारवालाहरुको योजना निर्माण र कार्यान्वयनमा दक्षता नहुदा निर्माण भएको योजना प्रभावकारी रुपले कार्यान्वयन हुन नसकेको पाइयो ।

अभिभावकको चासोको कमी, शिक्षकको नैराश्यता, अनुगमनको कमी, वि.व्य.स.को अनावश्यक हस्तक्षेप, विद्यालयमा राजनिती हावी हुनु र बजेटको कमि नै मुख्य समस्याका रुपमा रहेको अधिकांस प्रधानाध्यापकहरुको धारणा रहेको पाइयो । विद्यालय सुधार योजनामा भौतिक निर्माणका कार्यहरु सरसफाई जस्ता कार्यक्रमहरु बढी उपलब्धिमूलक रहेको धारणा प्र.अ.प्रमकुमारी दाहाल र शिक्षक मृदुला दाहलको रहेको छ । प्र.अ. बद्रीप्रसाद पराजुलकि अनुसार विद्यालयमा शिक्षक तलब भत्ता, छात्रबृत्ति, निशुल्क पा.पु., व्यवस्थापन खर्च लगायत गैर तलबीय अनुदान प्राप्त हुने गरेको तर त्यस्ता अनुदान सशर्त अनुदान भएको हुनाले त्यस्ता बजेटबाट मात्र विद्यालय सुधार योजना कार्यान्वयन गर्न बजेट अपुग हुने धारणा रहेको छ ।

प्र.अ. अशोक लुइटेल र शिक्षक लक्ष्मी गुरागाँइका अनुसार वि.सु.यो कार्यान्वयन गर्नको लागि विद्यालयमा राजनितिक हस्तक्षेप हुन नहुने , विद्यालयलाई विशुद्ध प्राज्ञिक थलोृको रुपमा विकास गर्नु पर्ने तथा स्रोतसाधनको पर्याप्त व्यवस्था गर्न सकियो भने सहजै  कार्यान्वयन गर्न र अपेक्षित उपलब्धि हासील गर्न सकिन्छ ।  प्र.अ. विजयकुमार रौनियारका अनुसार वि.व्य.स. र प्र.अ.बीच योजना कार्यान्वयनमा तालमेल हुन नसक्नु, राजनैतिक हस्तक्षेप आदि कार्यान्वयनका समस्या हुन  ।

अधिकांस विद्यालयका अध्यक्ष एवं सदस्यहरुका अनुसार विद्यालय व्यवस्थापन समितिको बैठक कम्तिमा २ महिनामा एक पटक र आवश्यक्तानुसार बैठक बस्ने गरेको छ । विद्यालय सुधार योजनालाई समितिले अनुमोदन गरी एक प्रति विद्यालयमा राखी एक/एक प्रति जि.शि.का. र स्रोतकेन्द्रमा पठाउने गरिएको छ । वि.सु.यो. निर्माण गर्न तालिम पर्याप्त नभएको, दक्ष जनशक्तिको अभावले गर्दा योजनालाई प्राथमिकीकरण गर्न नसकिएको, पर्याप्त बजेट नभएको जस्ता तत्वहरु वि.सु.यो कार्यान्वयनका प्रमुख समस्याहरु हुन भन्ने धारणा अध्यक्ष श्यामकुमार सरदार र सदस्य सन्तोष लुइटेलको रहेको छ । पर्याप्त बजेटको व्यवस्था, , नियमित अनुगमन र क्षमता बृद्धि गर्ने खालका कार्यक्रमहरु विद्यालयमा सञ्चालन गर्ने हो भने योजना कार्यान्वयन गर्न सहज हुने धारणा अन्य विद्यालयका वि.व्य.स. पदाधिकारीहरुको थियो ।

स्रोतव्यक्ति नन्दकुमार ठाकुरको भनाईमा विद्यालय सुधार निर्माण गर्न शुरुका वर्षहरुमा तीन दिनको तालिम दिइएको हो तर त्यतिले मात्र पर्याप्त नहुने रहेछ । यसै विषयमा अन्य तालिम दिने बजेट स्रोतकेन्द्रमा छैन । विद्यालय सुधार योजनामा खाली भौतिक पूर्वाधार विस्तारका मात्र कार्यक्रमहरु बढी रहने गरेका छन् । त्यसमा पनि जि.शि.का.को बजेटको मात्र अपेक्षा गरिएको हुन्छ । अभिभावककको गरिवी, चेतनाको स्तर न्युन हुनु र स्रोत व्यवस्थापन गर्न नसक्नु वि.व्य.स.का चुनौतिहरु रहेका छन । विद्यालय संख्या अत्यन्त बढी रहेकोले चाहे अनुसार विद्यालयमा गई योजना कार्यान्वयनको अनुगमन गर्न नसकिएको उहाँ बताउनुहुन्छ ।

सबै सरोकारवालाहरुलाई क्रियाशील बनाई दायित्वको बोध गराउनु र शिक्षकलाई नियमित गराई नियमित कक्षा सञ्चालन गराई पुरस्कार र दण्डको व्यवस्था गर्नु नै वि.सु.यो. कार्यान्वयनको उपाय हो भन्ने धारणा स्रोतव्यक्तिको रहेको छ ।

६ वटै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरेका छन । विद्यालयमा एक प्रति राखिएको छ, एक प्रति स्रोतकेन्द्रमा रहेको छ भने एक प्रति जिल्ला शिक्षा कार्यालयमा पेश गरिएको छ । अत्यन्त उत्साहका साथ योजना निर्माण गरिएको छ तर महत्वाकांक्षि बजेट समावेस गरिएको छ । स्रोतको पहिचान गरिएको छैन । बजेट सहितको ५ वर्षे कार्यक्रम राखिएको छ । तर कार्यान्वयनको अवस्था त्यति सन्तोषजनक नभएको पाइयो । विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालय भौतिक निर्माणका एजेण्डाहरुले नै प्राथमिकता पाउने

गरेको अवस्था छ । स्रोतको पहिचान र खोजी तथा सिकाइ उपलब्धि बृद्धि गर्ने योजनाहरु सम्बन्धमा कम मात्र छलफल गरेको अवस्था रहेको छ । सामुदायिक विद्यालयको जटिल अवस्थाको रुपमा रहेको विद्यार्थी नियमित उपस्थित नहुने अवस्थालाई सम्बोधन गर्ने गरी कार्यक्रमहरु सञ्चालन नगरेको पाइयो ।

विद्यालय हाम्रो हो भन्ने धारणा त छ तर स्रोत साधन भने सरकारी स्तरबाट मात्र प्राप्त हुने अपेक्षा गरिएको पाइन्छ भने स्थानीय निकायहरुले तयार गर्ने योजनामा पनि विद्यालयको समग्र विकास गर्ने खालका योजनाहरुको प्राथमिकता कम पाइयो । पर्याप्त स्रोतको व्यवस्था, स्थानीय निकायहरुको प्राथमिकता , नियमित अनुगमन र क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरुको सञ्चालन नै विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन हुने अवस्था देखिन्छ ।

सरोकारवाला सबैको सहभागितामा, निर्देशिका बमोजिमको प्रक्रिया पुरा गरी, कार्यान्वयन गर्न सकिने क्रियाकलापहरु समावेस गरी विद्यालय सुधार योजना निर्माण भएको छ भने उक्त योजना बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गर्न सहज हुने र योजनाले राखेका उपलब्धिहरु पुरा गर्न सहज हुनेरहेछ भन्ने बुझ्न सकिन्छ तर जि.शि.का.को बजेटको मात्र अपेक्षा गरिनु, अभिभावकको गरिवीको अवस्था, चेतनाको स्तर न्युन हुनु र स्रोत व्यवस्थापन गर्न नसक्नु जस्ता कुराहरु विद्यालय सुधार योजना कार्यान्वयनका चुनौतिको रुपमा रहेका छन ।

# परिच्छेद पाँच

## प्राप्ति, निश्कर्ष र सुझाव

यस अध्ययनको उद्धेश्यहरु पुरा गर्ने क्रममा अपनाइएको विधि, प्रयोग गरिएका साधानहरु र स्थलगत अवलोकन समेतबाट प्राप्त भएका अध्ययनका उद्धेश्य बमोजिमका प्राप्तिहरू, त्यसबाट निस्किएका निष्कर्षहरू र अध्ययनबाट देखिएका समस्याहरूको समाधानका साथै सिकाई उपलब्धिमा सुधार ल्याउनका लागि चालिनु पर्ने आवश्यक कदमहरूको बारेमा केही सुझावहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ५.१ मुख्य प्राप्तिहरू

यो अध्ययन विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनले विद्यार्थीहरूको सिकाई उपलब्धिमा पारेको प्रभावको अनुसन्धान सँग सम्बन्धित छ । अध्ययनको सिलसिलामा नमुनामा छनौट भएका सबै विद्यालयहरूमा शोधकर्ता आफै गई विद्यालयका प्रधानाध्यापक एवं शिक्षक, वि.व्य.स. का पदाधिकारीहरूसँग भेटघाट र छलफल गरी अन्तरवार्ता अनुसूची भर्न लगाइएको थियो । विद्यालयहरूबाट निर्माण गरिएका विद्यालय सुधार योजनाहरुको अध्ययन पनि गरिएको थियो भने मार्कलेजर तथा शैक्षिक तथ्याङ्कमा भरेको विवरणबाट विद्यार्थीहरुको प्राप्ताङ्कको गणना एवं विश्लेषण गरिएको थियो । साथै अध्ययनमा राखिएका उद्धेश्यमा केन्द्रित रही प्र.अ.हरुकोबीचमा लक्षित समुह छलफल सञ्चालन गरी उनीहरुबाट सुचना तथा धारणाहरु संकलन गरिएको थियो । उल्लेखित विभिन्न तरिकाहरूबाट गरिएको अध्ययन विश्लेषणको आधारमा प्राप्त भएका मुख्य प्राप्तिहरू निम्नानुसार छन् :

१. विद्यालय सुधार योजना विद्यालयको नीति तथा योजना सम्बन्धी महत्वपूर्ण अभिलेख हो । विकेन्द्रीकरणको सिद्धान्तअनुसार निर्माण गरिने यस योजनाप्रति विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरूको सकारात्मक भावना रहेको र यसको आवश्यकता सम्बन्धमा सबैबाट विचार व्यक्त गरिएकाले विद्यालयको सुधारका लागि यो योजनाले महत्वपूर्ण भूमिका खेल्न सक्ने अवस्था छ ।

२. योजना निर्माणमा वि.व्य.स. का पदाधिकारीहरूको सक्रिय भूमिका रहेको वि.व्य.स.का पदाधिकारीहरूले बताएका र वि.व्य.स. ले उक्त योजनालाई महत्वपूर्ण योजनाको रुपमा लिएको पाइयो ।

३. नमूना छनौट गरिएका सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको छ । विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम पनि प्रदान भएको छ । तर योजना निर्माणमा चाहेजस्तो दक्ष जनशक्ति नभएको पाइन्छ । शहरी क्षेत्रमा विद्यालयको सेवाक्षेत्र पहिचानमा नै समस्या रहेको छ । विद्यालयको लागि आवश्यक सबै सूचकहरु निकाल्न सकेको पाइदैन ।

४. विद्यालय क्षेत्र सुधार कार्यक्रम (एस.एस.आर.पी. ) ले राखेका निर्दिष्ट गरिएका लक्ष्यहरु पुरा गर्ने गरी विद्यालय सुधार योजना अद्यावधिक गर्न भने बाँकि रहेको छ । विद्यालय सुधार योजना निर्माण सहयोगी-पुस्तिका २०६९ सबै विद्यालयमा पुर्‍याउन सकिएको छैन ।

५. विद्यालय सुधार योजना निर्माणको लागि प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारीहरू, अभिभावक र स्थानीय बुद्धिजीवीहरूको संलग्नतामा योजना निर्माण समुह निर्माण भएको तर प्र.अ.को नेतृत्वमा केहि शिक्षकहरुको सक्रियतामा नै योजना निर्माण हुने गरेको पाइयो ।

६. विद्यालय सुधार योजना निर्माण गर्न निम्न समस्याहरू रहेको पाइयो ।

- सेवा क्षेत्र निर्धारण गर्न कठिनाइ
- समस्याहरूको प्राथमिकता तोक्न गाह्रो
- आर्थिक श्रोत र साधनको कमी
- आवश्यक नीति निर्देशनको कमी

७ यसको कार्यान्वयनबाट विद्यालयमा केही मात्रामा सुधार ल्याएको बताउँछन् प्र.अ. र शिक्षकहरु मुख्य गरी विद्यालय सुधार योजनाले भौतिक व्यवस्थापनमा सुधार ल्याएको पाइन्छ ।

८. शैक्षिक उपलब्धि वृद्धि गर्न सबैभन्दा बढी महत्वपूर्ण कुरा शिक्षकको लगनशीलता र कर्तव्यपराणता तथा विद्यार्थीहरुको नियमितता नै हो तर नियमावली बमोजिम १९२ दिन विद्यालयमा पठनपाठन नै भएको पाइदैन भने सबै विद्यालयहरुको वर्षको ३ पटकको कक्षाको उपस्थितिदर हेर्ने हो भने ५० प्रतिशत भन्दा कम रहेको पाइन्छ ।

९. आफ्ना वालवालिकाहरुको पढाई प्रति चासो राख्न अभिभावकहरु नियमित विद्यालयमा उपस्थिति अनिवाइ हुन्छ तर सबै प्र.अ.हरुको भनाईमा अधिकांस अभिभावकहरु वर्षमा २ वा ३ पटक मात्र विद्यालय आउने गरेका छन ।

१०. विद्यालयमा SIP को आवश्यकता सम्बन्धमा प्र.अ., शिक्षक, वि.व्य.स. का पदाधिकारी सबै सकारात्मक छन । विद्यालयको वर्तमान अवस्थामा सुधार ल्याउन विद्यमान समस्या हल गर्न, विद्यालयको भौतिक र आर्थिक श्रोत जुटाउन तथा शिक्षामा गुणस्तर वृद्धि गरी सिकाई उपलब्धि बृद्धि गर्न विद्यालय सुधार योजना आवश्यक छ भन्ने प्रतिक्रिया सबै सरोकारवालाहरूबाट आएको छ ।

११. शैक्षिक उपलब्धिमा प्रभाव पार्ने मुख्य तत्वहरूमा शैक्षिक वातावरण, नियमित पठनपाठन, अभिभावकहरूको चासो र शिक्षकको योग्यता एवं दक्षता हो सबै शिक्षकहरु र वि.व्य.स.का पदाधिकारीहरुको मत रहेको पाइयो ।

१२. ६ वटा विद्यालयहरु मध्ये एक विद्यालय बाहेक अन्य विद्यालयहरुको विषयगत औसत सिकाइ उपलब्धि ५० प्रतिशत भन्दा कम रहेको अवस्था छ । ६ वटा विद्यालयहरुको प्राथमिक तहको औसत सिकाइ उपलब्धि अनुसूची ६ मा राखिएको छ ।

१३. प्राय विद्यालयहरुले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरेको पाइदैन उदार कक्षोन्नतीको मात्र अवलम्बन गरेको देखिन्छ यसको लागि विद्यार्थीको नियमितता नहुनु नै प्रमुख कारण हो भन्ने शिक्षकहरुको धारणा रहेको छ ।

१४. सबै विद्यालयहरुले कक्षाकार्य र गृहकार्य गराउने गरेको पाइन्छ तर विद्यार्थीको नियमितता नै प्रमुख समस्याको रुपमा रहेको छ ।

१५. विद्यालय सुधार योजनामा सिकाई उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरु राखिएका छन् ,बजेट विना गर्न सकिने क्रियाकलापहरुको सूची पनि छ तर पूर्ण रुपमा कार्यान्वयन भएको पाइदैन ।

१६. विद्यालयको पठनपाठन अझ राम्रो गर्न निम्न कुराहरू हुनुपर्नेमा वि.व्य.स.का पदाधिकारीहरुले जोड दिएका छन्

- विद्यालय नियमित सञ्चालन हुनुपर्ने
- शिक्षक अभिभावकहरू बीच अन्तरक्रिया भइरहनुपर्ने
- खेलकुद र शैक्षिक सामग्रीको राम्रो व्यवस्था हुनुपर्ने

- मनोरञ्जनात्मक क्रियाकलापमा जोड दिनुपर्ने
- शिक्षकहरू बढी जिम्मेवार भएर पढाउनु पर्ने
- आवश्यकता अनुसार कोचिङ्ग र ट्यूसन कक्षा सञ्चालन गरिनुपर्ने ।

१७. विद्यालय सुधार योजना कार्यान्वयनका लागि मुख्य आर्थिक श्रोतको रुपमा जिल्ला शिक्षा कार्यालय नै रहेको पाइयो ।

१८. विद्यालय सुधार योजना कार्यान्वयन गर्न प्राय जसो सबै विद्यालयहरूले अनुगमन योजना निर्माण गरेको पाइयो ।

१९. विद्यालयहरूको स्थलगत अवलोकन र विद्यालय सुधार योजनाको अध्ययनबाट यस श्रोतकेन्द्रमा सिकाईमा निम्न बमोजिमका समस्याहरू रहेको पाइयो :

- विद्यार्थीहरूको नियमित उपस्थितिको कमी
- कक्षागत रुपमा शिक्षकहरूको कमी
- सचेत र आर्थिक सम्पन्न वर्षका अभिभावकहरूका बालबालिकाहरू संस्थागत विद्यालयमा जाने हुँदा सामुदायिक विद्यालयप्रति नकारात्मक धारणा रहेको र सहयोगमा कमी
- योजनामा सिकाई उपलब्धि वृद्धि गर्ने योजना राखिए पनि खास कार्यक्रमहरू सञ्चालन नहुनु ।
- विद्यालयमा विद्यार्थीको परीक्षाको नतिजा विश्लेषण गरी मूल्याङ्कन गर्ने, सुधारका रणनीतिहरू अपनाउने, प्रश्न बैङ्क बनाएर समसामयिक प्रश्नपत्रमा सुधार गर्ने जस्ता सुधारका रणनीतिहरू अपनाउने परम्पराको थालनी हुन नसक्नु ।

२०. एकपटक विद्यालय सुधार योजना निर्माण गरेपछि त्यसलाई समय सापेक्ष अद्यावधिक गर्नु पर्ने हुन्छ, विद्यालय सुधार योजना कार्यान्वयन गर्न विद्यालयमा शशर्त र निशर्त अनुदान निकासा हुने गर्दछ त्यसबाट योजना कार्यान्वयन गर्नु पर्ने हो तर अधिकांस विद्यालयमा निशर्त अनुदान (नन् स्यालरी पी.सी.एफ) को रकमबाट निजि श्रोतमा शिक्षक राख्ने र भौतिक निर्माणका कार्य गर्ने गरेको पाइन्छ ।

२१. विद्यालय सुधार योजना कार्यान्वयनको नियमित अनुगमन हुन नसक्नु कार्यान्वयनको मुख्य समस्याको रुपमा रहेको पाइन्छ । एक स्रोतकेन्द्रमा ३० भन्दा बढी सामुदायिक विद्यालयहरु,

त्यत्तिकै संख्यामा संस्थागत विद्यालय, ५० को संख्यामा बालविकास केन्द्रहरु र अन्य वैकल्पिक शैक्षिक संस्थाहरु भएकोले स्रोतकेन्द्रबाट प्रबाह हुने सेवा सुविधा र अनुगमन पनि प्रभावकारी हुन सकेको छैन ।

## ५.२ निष्कर्ष

यसभन्दा अघिल्ला खण्डहरूमा गरिएको विश्लेषण तथा प्राप्त भएका तथ्यहरूको आधारमा निम्न बमोजिमका निष्कर्षहरू निकालिएको छ :

विद्यालय सुधार योजना प्रति प्र.अ. शिक्षक, वि.व्य.स. का पदाधिकारीहरू र अभिभावकहरू सबै सरोकारवालाको सकारात्मक धारणा रहेकाले विद्यालयको समग्रताको विकासका लागि विद्यालय सुधार योजनाले ले महत्वपूर्ण भूमिका खेल्न सक्छ । योजना निर्माणमा सबै सरोकारवालाहरुको चासो देखिएता पनि सबैमा योजना निर्माण गर्ने शीप र दक्षताको अभावमा प्रं.अ.को नेतृत्वमा सानो समुहबाट नै योजना निर्माण कार्य गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन भएको पाइन्छ । विद्यालय सुधार योजनाले विद्यालयको उन्नयनको भावना सिर्जना गरेतापनि सबै सरोकारवालाहरूलाई संलग्न गराई प्रभावकारी गराउन अझै सकेको छैन ।

योजना निर्माणमा संलग्न हुने प्र.अ. शिक्षक, वि.व्य.स. पदाधिकारी र अभिभावकहरू निम्न विषयवस्तुमा अझै पनि राम्ररी प्रष्ट हुन सकेका छैनन् :

- समस्या कसरी पहिचान गर्ने
- प्राथमिकता निर्धारण कसरी गर्ने
- विद्यालयको दीर्घकालीन सोच र उद्देश्य कसरी निर्धारण गर्ने
- लक्ष्य निर्धारण कसरी गर्ने
- योजना कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने
- प्रभावकारी अनुगमन र निरीक्षणको व्यवस्थापन कसरी गर्ने ।

विद्यालय सुधार योजना निर्देशिका समयमा नै विद्यालय तहसम्म पुऱ्याएर विद्यालय सुधार योजना अद्यावधिक गर्नुपर्ने देखिन्छ । विद्यालय सुधार योजना विद्यालयको भौतिक र आर्थिक व्यवस्थापन गर्नमा केही हदसम्म सफल भएको देखिएतापनि शैक्षिक उपलब्धि वृद्धि गर्ने

खालका कार्यक्रमहरूलाई विशेषरुपमा समेट्न सकेको छैन । विद्यालय सुधार योजना र विद्यार्थीहरूको सिकाई उपलब्धि बीच प्रत्यक्ष सम्बन्ध रहेको देखिन्न । विद्यालयको समग्र विकास भएमा सिकाई उपलब्धिमा स्वतः सुधार आउँछ भन्ने मान्यताले  पाइन्छ । विद्यालय व्यवस्थापन समितिको बैठकमा सिकाइ उपलब्धि बृद्धि गर्ने सम्बन्धी विषयमा कमै मात्र छलफल हुने गरेको पाइन्छ ।

सिकाई उपलब्धि वृद्धि गर्नमा अभिभावकको सचेतता र संलग्नताले महत्वपूर्ण भूमिका खेल्दछ । यसै भएर अधिकांस विद्यालयको प्राथमिक तहको सिकाइ उपलब्धि दर ५० प्रतिशत भन्दा बढी हुन नसकको देखिन्छ । सक्रिय अभिभावक समूह संस्थागत विद्यालय तर्फ आकर्षित भएबाट सामुदायिक विद्यालयहरूले यस श्रोतकेन्द्रमा असल अभिभावक पाउन नसकेको देखिन्छ । यस स्रोतकेन्द्रमा ३२ वटा सामुदायिक विद्यालयहरु रहेका छन भने १०० भन्दा बढी संस्थागत विद्यालयहरु रहेबाट यस कुराको पुष्टि गर्दछ ।

योजना  कार्यान्वयनमा मुख्य आर्थिक श्रोतको रुपमा जिल्ला शिक्षा कार्यालयको अनुदान नै रहेकाले अन्य स्थानीय साधन-श्रोतलाई परिचालन गर्न सकिएको छैन र आर्थिक श्रोतको अभाव नै रहेको छ । योजना कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने  अनुगमन योजनाको प्रभावकारी कार्यान्वयन हुन सकको पाँइदैन ।

विद्यालयले बनाएको योजनाका  महत्वाकांक्षी छन् भने उपलब्धि स्तर न्यून छ ।
गरीब तथा विपन्न वर्ग र श्रमिक वर्गका छोराछोरीहरूको मात्र सामुदायिक विद्यालयहरूमा सहभागिता बढी मात्रामा देखिएकाले पनि सिकाई उपलब्धि न्यून भएको हुन सक्छ ।

विद्यार्थीहरूको नियमित उपस्थिति न्यून हुनु, शै.सत्र. भरिमा तोकिएको दिनसम्म विद्यालय सञ्चालन हुन नसक्नु, विविध खाले बन्द हडतालको असर विद्यालयमा पर्नु सिकाई उपलब्धि न्यून हुनमा कारक तत्व हुन् ।

उल्लेखित निष्कर्षहरूबाट के भन्न सकिन्छ भने अझै पनि सामुदायिक विद्यालयहरूमा पठनपाठनका लागि उचित वातावरणको व्यवस्थापन हुन सकिरहेको छैन । शिक्षकहरूमा पेशा प्रतिको वफादारिताको कमी छ भने अभिभावकहरूमा सामुदायिक विद्यालयप्रति विश्वासको कमी छ । विद्यार्थीहरूमा एकातिर लगनशीलताको कमी छ भने सामुदायिक विद्यालयमा सचेत

अभिभावकको कमी, स्थानीय निकायसँग समन्वयको अभाव हुने गरेको पाइन्छ भने स्रोतकेन्द्र र अन्य सम्बन्धित निकायहरूबाट नियमित र उचित निरीक्षण अनुगमन सहयोग र परामर्श सेवा प्रभावकारी रुपमा प्राप्त हुन सकेको छैन । विद्यालय सुधार योजना सबै विद्यालयमा निर्माण भएको पाइन्छ, प्रत्येक वर्ष अद्यावधिक गर्न न्युन रुपमा बजेटको व्यवस्थापन गर्दै आउको छ तथापी यसको कार्यान्वियन पक्ष भने सोचे अनुरुपको नभएको पाइएको छ ।

### ५.३ सुझावहरू

यस अध्ययनको सिलसिलामा पाइएका मुख्य प्राप्तिहरू र गरिएको विश्लेषण तथा निष्कर्षका आधारमा विद्यालयहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विश्वासिलो संस्थाको रुपमा विकास गर्न र विद्यालयमा विद्यालयबाटै निर्माण गरिने योजना विद्यालय सुधार योजनालाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई विद्यार्थीहरूको सिकाई उपलब्धिमा सुधार गरेर उच्च उपलब्धि दर हासिल गर्न र सम्बन्धित सरोकारवालाहरुलाई पृष्ठपोषणको रुपमा निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ :

१. विद्यालय शिक्षाको सुधारको महत्वपूर्ण प्रयासको रुपमा विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनलाई जोड दिइनु पर्छ ।

२. योजना निर्माण सम्बन्धी क्षमता अभिबृद्धि हुने तालिम कार्यक्रम सञ्चालन गरिनु पर्छ ।

३. सरल र व्यवहारिक योजना निर्माण सीप विकास गर्न सहयोग पुग्ने खालको विभागबाट जारी निर्देशिका शिक्षा कार्यालयले सबै विद्यालयलाई उपलब्ध गराउनुपर्छ ।

४. विद्यालय व्यवस्थापन समिति गठनमा हुने राजनितिक हस्तक्षेप , राजनैतिक दल सम्बद्ध व्यक्तिहरुले दलिय र व्यक्तिगत स्वार्थको लागि विद्यालय व्यवस्थापन समितिमा प्रभुत्व जनाउने अवस्थाको अन्त हुनुपर्छ ।

५. वि.व्य.स.को चासो शिक्षक नियुक्ति र सरुवा बढी केन्द्रित भएकोले विद्यालयलाई विशुद्ध शैक्षिक र प्राज्ञिक थलोको रुपमा विकास गर्न विशेष कार्यक्रमहरु विद्यालय स्वयंले नै ल्याइनुपर्छ ।

६. विद्यालय सुधार योजनामा भौतिक र आर्थिक व्यवस्थापनका साथै शैक्षिक उपलब्धि वृद्धि गर्ने योजना तथा कार्यक्रमहरूलाई विशेष रुपमा राखिनुपर्दछ । कक्षा शिक्षण सिकाईलाई सवलीकरण गर्ने कार्यक्रमहरू विद्यालय सुधार योजनाले अवलम्बन गर्नुपर्छ ।

७. विद्यालय सुधार योजना निर्माण र सो योजनामा उल्लेख भए अनुसारको उपलब्धि वृद्धि गर्ने विद्यालयलाई माथिल्लो निकाय : जि.शि.का. शिक्षा विभाग र शिक्षा मन्त्रालयबाट प्रोत्साहन एवं पुरस्कारको व्यवस्था गरिनुपर्दछ ।

८. पिछडिएको वर्ग र समुहका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न र भर्ना भएका वालवालिकाहरुलाई टिकाइ राख्ने खालका कार्यक्रमहरु योजनामा समावेस गरि कार्यान्वयन गर्नु पर्ने ।

९. सामुदायिक विद्यालय समुदायको अग्रणी र नेतृत्वदायी संस्था हो भन्ने भनाईलाई व्यवहारमा उतार्नको गरिवी र पिछडीएका समुदाय भएको क्षेत्रमा जनचेतनामूलक कार्यक्रमहरु विद्यालय स्वयंले सञ्चालन गर्ने गर्नु पर्दछ ।

१०. शैक्षिक उपलब्धिको सूचकको आधारमा शिक्षकलाई पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्छ ।

११. शिक्षा ऐन नियममा व्यवस्था भए अनुसार विद्यालयहरु वर्षमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठनपाठन हुने गरी र्कायोजना तयार गरी कार्यान्वयनमा ल्याइनुपर्छ ।

१२. प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु पर्ने । शिक्षक स्वयं आफ्नो पेशा र पेशागत मर्यादा प्रति प्रतिबद्ध रहनुपर्ने ।

१३. जि.शि.का. र व्यवस्थापन समितिबाट विद्यालयका गतिविधिहरू र वि.सु.यो. कार्यान्वयनको संयुक्त रुपमा पुनरावलोकन गर्ने परिपाटीको विकास गरिनुपर्छ ।

१४. विद्यालयमा जाने निशर्त अनुदानको सट्टामा शशर्त अनुदानमा बृद्धि गरिनुपर्छ ।

१५. विद्यार्थीहरूको नियमित उपस्थिति बढाउन अभिभावक छलफल अन्तरक्रियाका साथै अभिभावक तथा विद्यार्थीहरूलाई पनि पुरस्कृत गर्ने गरिनुपर्छ ।

१६. राष्ट्रिय लक्ष्य अनुसार सिकाई उपलब्धि वृद्धि गर्ने विद्यालयहरूलाई थप प्रोत्साहनका रुपमा अनुदान उपलब्ध गराइनुपर्छ ।

१७. विद्यालय सुधार योजनामा राखिएको अनुगमन योजना बमोजिम कार्य गर्न प्र.अ. र वि.व्य.स. प्रतिबद्ध हुनुपर्ने ।

१८. विद्यालयहरुको अनुगमन र सेवा सुविधा प्रवाह गर्ने उद्धेश्यका साथ स्थापना गरिएका स्रोतकेन्द्रहरुमा हाल बृद्धि भएका शैक्षिक संस्थाहरुको संख्याले गर्दा अनुगमनमा कठिनाइ

भएकोले स्रोतकेन्द्र संख्यामा पुनरावलोकन गरी बढीमा २० वटा विद्यालयहरुको लागि एक क्लस्टर(स्रोतकेन्द्र) निर्धारण गरिनुपर्छ ।

१९. विद्यालय सुधार योजना निर्माण गर्न पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्ने, विद्यालयले निर्माण गरेको योजना अनुरुपका क्रियाकलापहरु सञ्चालन गर्न बजेटको व्यवस्था गर्नुपर्ने, समय समयमा अनुगमन गर्नुपर्ने र सरोकारवालाहरु सबैको चासो र प्रतिबद्धता हुनुपर्ने जस्ता सुझावहरु प्रश्नावली तथा लक्षित समुह छलफलको क्रममा प्राप्त भएको छ ।

२०. प्र.अ., शिक्षक र जिल्ला शिक्षा कार्यालय ले नै विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन , विद्यालय सुधार योजनामा नै सिकाई उपलब्धि बृद्धि गर्ने क्रियाकलापको समावेस र कार्यान्वयन गर्नु पर्ने सुझावहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुको रहेको थियो ।

अन्त्यमा विद्यालय सुधार योजना नेपाल सरकारले विद्यालयहरूको सुधार गरी उच्च सिकाई उपलब्धि हासिल गर्न ल्याएको एक सोच र रणनीतिक योजना पनि हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ लागू भएपछि सामाजिक आर्थिक लगायत शैक्षिक पक्षमा पनि विकेन्द्रीकरण सुधार प्रक्रिया आएको देखिन्छ । शिक्षा ऐन सातौँ संसोधनले स्थानीय सरोकारवालालाई स्थानीय शिक्षा कार्यक्रमको व्यवस्थापन र सञ्चालनमा सक्रिय सहभागी बनाउने जमर्को गरेको पाइन्छ । उक्त ऐन कार्यान्वयनपछि आफ्नो विद्यालय आफै बनाऔँ भन्ने भावनाको जागृति गराउँदै विद्यालयको व्यवस्थापकीय जिम्मेवारी समुदायले लिने, योजना निर्माणमा समुदायकै सहभागिता बढाउने गरी विद्यालय सुधार योजनाको अवधारण आएको छ । विद्यालय शिक्षामा गरिएको सुधारको नतिजा र परिणम निस्कन समय बढी नै लाग्ने हुन्छ भन्ने दीर्घकालीन सोचका आधारमा सुधार योजनाहरू बनाउनुपर्छ । साथै आवधिक मूल्याङ्कन गरी समसामयिक सुधार पनि गरिनुपर्छ । सबैको सामूहिक प्रयासबाट नै विद्यालयहरूले उच्च शैक्षिक उपलब्धि हासिल गर्न सक्दछन् भने यसैबाट शैक्षिक क्षति पनि न्यून हुन जान्छ ।

# सन्दर्भग्रन्थ सूची


अर्याल बैकुष्ठप्रसाद, निरौला यादवचन्द्र, कोइराला सीताराम, (२०६४), *शैक्षिक विकासका विविध पक्षहरु, डिल्लीबजार* काठमाण्डौ, मकालु प्रकासन गृह ।

कार्यक्रम कार्यान्वयन निर्देशिका, (२०६९), *शिक्षा विभाग,* सानोठिमी, भक्तपुर

खनाल पेशल, (२०६६), *शैक्षिक अनुसन्धान पद्धती* , किर्तीपुर, काठमाण्डौ ।

खनाल एण्ड तिम्सिना,(२०६१) *गुणात्मक मूल्याङकन अनुसन्धान,* नँयाबजार, किर्तीपुर ।

पौडेल लेखनाथ, *नेपालमा शिक्षाको विकास (२०६०),* भोटाहिटी, काठमाण्डौ विद्यार्थी पुस्तक भण्डार ।

*विद्यालय सुधार योजना सहयोगी पुस्तिका, (२०६१),* शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

*विद्यालय सुधार योजना निर्माण सहयोगी - पुस्तिका (२०६९),* शिक्षा विभाग सानोठिमी, भक्तपुर ।

*शिक्षा आयोग प्रतिवेदन (२०११, २०४९,* २०५५), श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल, काठमाण्डौ ।

*शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९* (छैटौं संशोधन सहित) डिल्लीबजार काठमाण्डौ, सहिष्णु प्रकाशन ।

*सबैका लागि शिक्षा (२००४-२००९), मुख्य दस्ताबेज,* नेपाल सरकार ,शिक्षा मन्त्रालय, काठमाण्डौ ।

*शिक्षक सेवाको खुल्ला प्रतियोगितात्मक परीक्षा तयारी कक्षा सञ्चालन स्रोत सामग्री,* भाग १ , (२०६८), शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२),* नेपाल सरकार शिक्षा मन्त्रालय ।

*शिक्षा सोपान, वर्ष ४, अंक ४, (२०६९),* नेपाल निजामति कर्मचारी यूनियन, विभागीय कार्यसमिति, शिक्षा मन्त्रालय ।

# अनुसूची-१

सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकका लागि प्रश्नावली फारम :

नाम :- विद्यालय :-

शैक्षिक योग्यता :- अनुभव वर्ष :-

तालिम :- प्र.अ. /शिक्षक :-

१. विद्यालयको शैक्षिक उपलब्धीमा प्रभाव पार्ने मुख्य तत्वहरू के-के ठान्नु हुन्छ ?

क)

ख)

ग)

घ)

२. विद्यालय सुधार योजनाका कुन-कुन कार्यक्रमहरूमा तपाई स्वयं सहभागी हुँदै आउनु भएको हुन्छ ?

क)

ख)

ग)

घ)

३. यी कार्यक्रमहरूबाट विद्यालयको शैक्षिक उपलब्धीमा कत्तिको टेवा पुग्ने देख्नु हुन्छ ?

क) ज्यादै धेरै ख) धेरै ग) केही मात्रामा घ) ज्यादै न्यून

४. विद्यालय स'धार योजना निर्माणले विद्यार्थीहरूको सिकाइ उपलब्धीमा केही सुधार भएको पाउनु भएको छ ?

क) केही सुधार भएको ख) केही मात्रामा सुधार भएको ग) केही पनि सुधार नभएको

५. तपाईको शिक्षण सीप-व्यवस्थापनमा SIP बाट के-कस्तो सहयोगको अपेक्षा गर्नु हुन्छ ?

.............................................................................................................

के यी मध्ये केही सहयोगहरू प्राप्त गर्नु भएको छ ? छ भने कुन-कुन ?

.............................................................................................................

६. विद्यालय सुधार योजनाका कार्यक्रमहरू मध्ये सबै भन्दा बढी उपलब्धी मूलक कुन-कुन पाउनु भयो ?

.............................................................................................................

७. विद्यालयको शैक्षिक उपलब्धीलाई वृद्धि गर्न तलका मध्ये सबैभन्दा बढी महत्वपूर्ण कुन चाँहिलाई ठान्नु हुन्छ ?

क) भौतिक अवस्था ख) शिक्षक योग्यता र सीप ग) पाठ्यक्रम र पाठ्यपुस्तक

घ) शिक्षकको लगनशीलता र कर्तव्यपरायणता ङ) विद्यार्थीको घरको अवस्था

च) अन्य केही भए उल्लेख गर्नुहोस् ...............................

८. विद्यार्थीको सिकाइ उपलब्धी न्यून हुनका कारणहरू के-के हुन् ?

.......................................................................................................

९. विद्यालय सुधार योजनामा के कस्ता कार्यक्रमहरू संचालन भएमा विद्यार्थीको सिकाइ उपलब्धीमा टेवा पुग्ने देखनु हुन्छ ?

.......................................................................................................

१०. तपाइको विद्यालयको सिकाइ उपलब्धीमा सबैभन्दा बाधा पुऱ्याउने कुन-कुन हुन् ?

.......................................................................................................

यी समस्यालाई समाधान गर्न के गर्नु पर्छ भन्ने ठान्नु हुन्छ ?

.......................................................................................................

११. विद्यार्थीको सिकाइ उपलब्धी बढाउन SIP को भूमिकालाई अझ बढी प्रभावकारी बनाउन के-के सुझावहरू दिन चाहनु हुन्छ ?

१२. तपाइको विद्यालयमा प्राथमिक तहमा कति जना शिक्षक/शिक्षिका छन् ?

.......................................................................................................

१३. तपाइको विद्यालयमा सरदर कति प्रतिशत विद्यार्थीहरू उत्तिर्ण भएका छन् ?

१४. सिकाइको स्तर वृद्धि गर्न अभिभावक, शिक्षक, विद्यार्थी निरिक्षक, वि.व्य.स. तथा अभिभावक संघ बीच छलफल तथा अन्तरक्रिया गर्नु भएको छ कि छैन ? छ भने कहिले-कहिले गर्नु हुन्छ ?

१५. तपाइको विद्यालयमा SIP को को मिलेर बनाउनु भएको छ ?

क) प्र.अ. र शिक्षक ख) प्र.अ., शिक्षक र वि.व्य.स.

ग) प्र.अ., शिक्षक, वि.व्य.स. र अभिभावक, बुद्धीजिवी सबै मिलेर

१६. सिकाइमा सुधार ल्याउन कस्ता-कस्ता कार्यक्रमहरू राखिएको छ ? कुनै ५ वटा उल्लेख गर्नुहोस् ।

.......................................................................................................

१७. SIP लागु गर्न Action Plan निर्माण गर्नु भएको छ ? छ भने हालसम्म समय मै कुन-कुन काम सम्पन्न भए ?

१८. योजना कार्यान्वयनका लागि प्रस्तावित बजेटको व्यवस्था हुन सकेको छ ?

क) छ ख) छैन

छ भने कुन-कुन स्रोतबाट ..........................................................................

छैन भने किन हुन सकेन ..............................................................................

## अनुसूची-२

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यका लागि प्रश्नावली फारम :

नाम :- ठेगाना :-

पद :- विद्यालय :-

१. के विद्यालय SIP को आवश्यकता पर्दछ ? पर्छ भने किन ? पर्दैन भने किन ?

.....................................................................................................

२. आफ्नो विद्यालयको योजना निर्माणमा तपाइको भूमिका कस्तो रह्यो ?

.....................................................................................................

३. SIP निर्माण गर्दा आइपर्ने समस्याहरू के-के हुन् ?

.....................................................................................................

४. तपाइको विद्यालयको वि.व्य.स. SIP निर्माण गर्न सक्ने बनेको छ ?

क) छ ख) छैन ग) सामान्य सहयोगमा निर्माण गर्न सक्छ ।

५. SIP ले सिकाइ उपलब्धीमा सुधार ल्याउने कुरामा विश्वस्त हुनु हुन्छ ?

क) छ ख) छैन

छैन भने कारण दिनुहोस्

.....................................................................................................

६. शिक्षकको मनोवल उच्च राख्न योजनामा के-के व्यवस्था गरिएको छ ?

७. विद्यालय नआउने बालबच्चाको लागि के कस्ता कार्यक्रमहरू योजनामा राख्नु भएको छ ?

८. तपाईको विद्यालयमा SIP अनुसार काम भएको छ ?

क) छ ख) छैन ग) केही मात्रामा भएको छ ।

९. आफ्नो विद्यालयको योजना आफै बनाउदा विद्यालयको दक्षता बढ्छ कि बढ्दैन ?

क) छ ख) बढ्दैन

विद्यालयको दक्षता बढ्छ भने कसरी र बढ्दैन भने किन ?

१०. शिक्षकले विद्यार्थीलाई गृहकार्य दिने र हेर्ने गरेको जानकारी छ ?

क) छ ख) छैन

११. अभिभावकलाई सचेत बनाउन व्यवस्थापन समितिले के-के गर्ने गरेको छ ?

१२. तपाइ वि.व्य.स.मा रहनु भएको अवधि कति भयो ?

१३. विद्यार्थीको सिकाइ उपलब्धी बढाउन वि.व्य.स.ले के-के गर्न सक्छ ?

१४. वि.व्य.स.वैठक समय समयमा बस्ने गरेको छ ?

क) छ ख) छैन

१५. विद्यार्थीहरू कक्षामा असफल हुनका कारणहरू के-के होलान् ?

.......................................................................................................

१६. विद्यालयको सुधारको सम्बन्धमा तपाइको भनाइ केही भएमा उल्लेख गर्नुहोस् ?

.......................................................................................................

## अनुसूची-३

अभिभावकका लागि प्रश्नावली फाराम :

नाम : ठेगाना वडा नं. गाउ/टोल

बच्चा अध्ययन गर्ने विद्यालयको नाम :

१. तपाइलाई विद्यालय सुधार योजना SIP बारेमा जानकारी छ ?

क) छ ख) छैन ग) अलिअलि जानकारी छ

२. विद्यालयले अभिभावक दिवस मनाउने गरेको छ ?

क) छ ख) छैन

३. तपाइलाई वि.व्य.स. र अभिभावक संघ बारेमा जानकारी छ ?

क) छ ख) छैन

४. विद्यालयको पढाइ प्रति तपाई सन्तुष्ट हुनु हुन्छ ?

क) छ ख) छैन

५. अभिभावकलाई सचेन गराउन वि.व्य.स.ले के-के गर्ने गरेको छ ?

..........................................................................................................

६. के कारणले गर्दा विद्यार्थीहरूको सिकाइ कम हुन्छ ?

७. विद्यार्थीलाई शिक्षकले गृहकार्य दिने गरेको जानकारी छ ?

क) छ ख) छैन ग) कहिलेकाही दिने गरेको छ

८. के तपाइ आफ्नो नानीलाई सधैं विद्यालय नियमित रुपले पठाउनु हुन्छ ?

क) पठाउँछु ख) पठाउदिन

९. विद्यालयमा हुने पठनपाठनले मात्र सिकाइमा सुधार आउला ?

क) आउँछ ख) आउँदैन ग) थाहा छैन

१०. के गरेमा तपाइको नानीहरूले धेरै सिक्न सक्छन् ?

..........................................................................................................

११. बालबालिकाहरू स्कूलमा कि घरमा बढी खुसी हुन्छ ?

क) घरमा ख) स्कूलमा ग) अन्य ठाउँमा

१२. तपाइ विद्यालयमा वर्षमा कति पटक जानु हुन्छ ?

क) १ ख) २ ग) ३ घ) ४ ङ) जान्न

१३. के गरेमा यो विद्यालयको पठन पाठन अझ राम्रो हुन्छ ?

## अनुसूची-४

## राधाकृष्ण स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरु र विद्यार्थी विवरण २०६९

| क्र.स. | विद्यालयको नाम | प्र.अ.को नाम | सञ्चालित कक्षा | शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | राधाकृष्ण मा.वि. विराटनगर | डम्बरबहादुर कार्की | १-१० | २१ | ४९० |
| २ | आदर्श उ.मा.वि. विराटनगर | खगेन्द्रप्रसाद लामिछाने | १-१२ | २४ | ८१३ |
| ३ | सत्यनारायण उ.मा.वि. विराटनगर | धर्मानन्द खरेल | ६-१२ | १४ | ४९९ |
| ४ | सरस्वती उ.मा.वि. झोराहाट | अशोककमूर लूईटेल | १-१२ | १८ | ७४१ |
| ५ | गायत्री सं मा.वि. विराटनगर | यूगेश्वर मेहता | १-१० | १९ | ६८६ |
| ६ | गोग्राहा उ.मा.वि. विराटनगर | दु:खाराम गच्छदार | १-१२ | २७ | ९८१ |
| ७ | जनतानमुना उ.मा.वि. विराटनगर | विजयकुमार रौनियार | १-१२ | १९ | ३६० |
| ८ | पोखरीया उ.मा.वि. विराटनगर | खेम भट्टराई | १-१२ | २८ | ९९५ |
| ९ | आदर्शवालिका मा.वि. विराटनगर | हरिनारायण यादव | १-१० | १६ | ५६६ |
| १० | सार्वजानिक मा.वि. बैजनाथपूर | सुर्यनारायण भगत | १-१० | १६ | ५७२ |
| ११ | जनता मा.वि. विराटनगर | जगन निरौला | १-१० | १४ | ६०३ |
| १२ | वीरेन्द्र मा.वि. झोराहाट | दु:खाराम मण्डल | १-१० | १० | २९७ |
| १३ | शिक्षासदन मा.वि. विराटनगर | राजेशप्रसाद यादव | १-१० | १७ | ७११ |
| ११ | विराट नि.मा.वि. विराटनगर | खुसीराज गौतम | १-८ | ११ | ११४ |
| १२ | नि.मा.वि. कञ्चनबारी, विराटनगर | बद्रिप्रसाद पराजुली | १-८ | ११ | ३११ |
| १६ | मदननगर प्रा.वि. विराटनगर | हरिप्रसाद भट्टराई | १-५ | ६ | ९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | शहीद प्रा.वि. विराटनगर | हेना गिरी | १–५ | ५ | ६५ |
| १८ | दूर्गा प्रा.वि. झोराहाट | युदकुमार लुईटेल | १–५ | ३ | ३५ |
| १९ | रवि प्रा.वि. झोराहाट | केशरकुमार सरदार | १–५ | ७ | २८९ |
| २० | बालमन्दिर प्रा.वि. विराटनगर | नेत्रप्रसाद पराजुली | १–५ | ९ | ३५४ |
| २१ | शंकरपूर प्रा.वि. विराटनगर | झरना शापकोटा | १–५ | ६ | १०९ |
| २२ | सत्यनारायण प्रा.वि. विराटनगर | मिथिलेश्वरी ढुङ्गेल | १–५ | ९ | २०९ |
| २३ | ज्योति प्रा.वि. खार्जी विराटनगर | प्रेमकुमारी दाहाल | १–५ | ६ | २५४ |
| २४ | प्रा.वि. कोचाखल, विराटनगर | इन्दु पोखेल | १–५ | ७ | १८९ |
| २५ | धरणीधर नि.मा. विराटनगर | विक्रमकुमार कामत | १–८ | १० | २०५ |
| २६ | सिद्धकाली प्रा.वि. विराटनगर | सबुलाल मण्डल | १–५ | ५ | २२४ |
| २७ | शिवजी प्रा.वि. बैजनाथपूर | विष्णु सरदार | १–५ | ६ | १४९ |
| २८ | पञ्चकन्या प्रा.वि. विराटनगर | सुवासचन्द्र रेग्मी | १–५ | ७ | १७८ |
| २९ | सयपत्री प्रा.वि. विराटनगर | इन्दिरा पोखेल | १–३ | ५ | ७५ |
| ३० | शिव प्रा.वि. विराटनगर | जगरनाथ कामत | १–५ | ५ | १५४ |
| ३१ | जनचेतना प्रा.वि. विराटनगर | रामप्रसाद भण्डारी | १–३ | ४ | १४५ |
| ३२ | जागृति प्रा.वि. बैजनाथपूर | गणेश अधिकारी | १–२ | १ | ४७ |
| | जम्मा | | | ३६६ | ११५१४ |

स्रोत : शैक्षिक तथ्याङ्क Flash II २०६९, राधाकृष्ण स्रोतकेन्द्र, मोरङ

## अनुसूची-५

### नमूनाको छनौट गरिएका विद्यालयहरु

१. जनता नमूना उ.मा.वि. विराटनगर -३

२. ज्योति प्रा.वि. खार्जी विराटनगर-५

३. नि.मा.वि. कञ्चनबारी , विराटनगर -५

४. शिवजी प्रा.वि. वैजनाथपुर -६

५. दुर्गा प्रा.वि. झोराहाट -१

६. सरस्वती उ.मा.वि. झोराहाट -१

## अनुसूची-६

### विषयगत औषत प्राप्ताङ्क विवरण २०६९

शैक्षिक सत्र २०६९ को प्रा.तह (कक्षा १–५) को मुख्य ५ विषयको औसत सिकाई उपलब्धि विवरण

| विद्यालयको नाम | कक्षा | नेपाली | अंग्रेजी | गणित | सामाजिक | विज्ञान तथा वातावरण शिक्षा | ५ विषयको औसत सिकाईउपलब्धि |
|---|---|---|---|---|---|---|---|
| जनतानमूना उ.मा.वि. विराटनगर | १–५ | ४५ | ४४ | ३६ | ४२ | ४५ | ४२.४ |
| नि.मा.वि. कञ्चनबारी, विराटनगर | १–५ | ४२ | ४३ | ४६ | ४६ | ४७ | ४४.८ |
| दुर्गा प्रा.वि. झोराहाट | १–५ | ५३ | ५८ | ५१ | ५९ | ५८ | ५५.८ |
| सरस्वती उ.मा.वि. झोराहाट | १–५ | ४७ | ४८ | ४५ | ४७ | ४६ | ४६.५ |
| ज्योति प्रा.वि. खार्जी विराटनगर | १–५ | ४१ | ४४ | ४५ | ४७ | ४६ | ४४.६ |
| शिवजी प्रा.वि. बैजनाथपुर | १–५ | ४२ | ४८ | ५२ | ५३ | ५४ | ४९.८ |

स्रोत : शैक्षिक तथ्याङ्क ( Flash II ) २०६९ राधाकृष्ण स्रोतकेन्द्र, मोरङ

## अनुसूची-७
## सूचना संकलनको लागि प्रश्नावली भराइएका व्यक्तिहरुको विवरण

| क.स. | विद्यालयको नाम | प्र.अ.को नाम | शिक्षक | वि.व्य.स.अध्यक्ष | वि.व्य.स. सदस्य | स्रोतव्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती उ.मा.वि. झोराहाट | अशोककुमार लुईटेल | लक्ष्मी गूरागाँई | श्यामकूमार सरदार | सन्तोष लूईटेल | नन्दकुमार ठाकुर |
| २ | जनतानमूना उ.मा.वि. विराटनगर | विजयकूमार रौनियार | कल्पना शर्मा | कृष्ण ब. बस्नेत | मनोजकूमार भट्टराई | |
| ३ | नि.मा.वि. कञ्चनबारी, विराटनगर | बद्रिप्रसाद पराजूली | भानुभक्त पोखेल | दूर्गाप्रसाद राजवंशी | छेदीलाल शर्मा | |
| ४ | दुर्गा प्रा.वि. झोराहाट | यदूकूमार लूईटेल | सीता खतिवडा | दूर्गालाल मूडीयारी | रीता मूडीयारी | |
| ५ | ज्योति प्रा.वि. खार्जी विराटनगर | प्रेमकूमारी दाहाल | मृदूला दाहाल | मस्तराम ऋषिदेव | कतूलाल चौधरी | |
| ६ | शिवजी प्रा.वि. बैजनाथपुर | विष्णू सरदार | बावूनन्द सरदार | वेचन सरदार | अशोक सरदार | |

## अनुसूची-८
## सूचना संकलनको लागि लक्षित समूह छलफलमा सहभागी प्र.अ.हरुको विवरण

| क.स. | विद्यालयको नाम | प्र.अ.को नाम |
|---|---|---|
| १ | सरस्वती उ.मा.वि. झोराहाट | अशोककमार लुईटेल |
| २ | जनतानमूना उ.मा.वि. विराटनगर | विजयकूमार रौनियार |
| ३ | नि.मा.वि. कञ्चनबारी, विराटनगर | बद्रिप्रसाद पराजूली |
| ५ | दुर्गा प्रा.वि. झोराहाट | यदूकूमार लूईटेल |
| ६ | ज्योति प्रा.वि. खार्जी विराटनगर | प्रेमकूमारी दाहाल |
| ७ | शिवजी प्रा.वि. बैजनाथपुर | विष्णु सरदार |